# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १४१ | काठमाडौं | सोमबार, २५ भदौ २०८० | Prabhab National Daily | Monday, September 11, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


कांग्रेस सहमहामन्त्रीमाथि आक्रमण

# प्रधानमन्त्री दाहालको विरोध, बोलेनन् देउवा





निरंकुश राजतन्त्रका दलाल, भ्रष्ट गुण्डाहरूले लोकतान्त्रिक आन्दोलनका नेतामाथि खुलेआम खुकुरी प्रहार गर्ने घटना सामान्य होइन । यसबाट तपाईं हामी सचेत हुनैपर्छ ।

■ **पुष्पकमल दाहाल**
प्रधानमन्त्री

आइतबार नै कांग्रेसले आयोजना गरेको बिपी साहित्य महोत्सव उद्घाटन गर्दा लिखित मन्तव्य पढेका कांग्रेस सभापति शेरबहादुर देउवाले भने यादवमाथि भएको आक्रामणका विरोधमा एक शब्द पनि खर्च गरेनन्

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि भएको आक्रमणको चौतर्फी विरोध भइरहेको छ । बुधबार रिपोर्टर्स् क्लबमा अन्तरक्रिया कार्यक्रममा सहभागी भएर फर्कने क्रममा यादवमाथि खुकुरी प्रयोग गरी आक्रमण भएको हो । यादवको हाल वीर अस्पतालस्थित ट्रमा सेन्टरमा उपचार भइरहेको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहालले घटनामा संलग्नलाई 'राजतन्त्रका दलाल' भन्न भ्याए । समाजवादी मोर्चा नेपाल बागमती प्रदेशको सन्देशसभालाई सम्बोधन गर्न हेटौंडा पुगेका प्रधानमन्त्री दाहालले यस घटनाबाट सबै सचेत हुनुपर्नेसमेत बताए । 'हामी केही सुस्ताएको जस्तो पनि भयौं । निदाएको जस्तो पनि भयौं । एकअर्काप्रति सशंकित पनि भयौं । सोसल मिडिया हेर्ने हो भने सुन्नै नसकिने अनि हेर्नै नसकिने लाजैमर्दो । त्यस्तो हेर्नुपरिरहेको छ । हामी कमजोर भयौं भने कसरी प्रतिक्रान्तिकारीहरूको मनोबल बढ्दो रहेछ,' दाहालले भने, 'एक–दुई जना भए पनि होहल्ला गरेर अस्ति त तपाईंहरूले देख्नुभयो, काठमाडौंमा खुकुरी हान्ने । निरंकुश राजतन्त्रका दलालहरू, भ्रष्ट गुण्डाहरूले लोकतान्त्रिक आन्दोलनका नेतामाथि खुलेआम खुकुरी प्रहार गर्ने घटना सामान्य एउटा घटनामात्र होइन । यसबाट तपाईं हामी सचेत हुनैपर्छ ।'

दाहालले राजतन्त्रका पक्षधरको सातो जानेगरी जनतालाई सडकमा ल्याउनुपर्ने तर्कसमेत राखे । 'केही समयपछि राष्ट्रियता, जनतन्त्र, जनजीविकाका विषयलाई लिएर लाखौं जनतालाई सडकमा ल्याउनुछ,' उनले भने, 'ती प्रतिक्रान्तिकारी र दक्षिणपन्थी निरंकुशतावादी तथा सामान्ती र दलालको सातो जानेगरी जनताको तागत बढाउनुछ ।'

परिवर्तन ल्याएकालाई अहिले अपमानित गर्ने काम भइरहेकोसमेत दाहालको तर्क थियो । 'हामीलाई अपमानित गर्न खोज्ने, घेरा हाल्न खोज्ने, जनताको त्यत्रो त्याग र बलिदानबाट ल्याएको परिवर्तनलाई अपमानित गर्न खोज्ने प्रवृत्तिलाई परास्त गर्नुपर्छ,' प्रधानमन्त्री दाहालले भने ।

### बोलेनन् देउवा

नेपाली कांग्रेसको भ्रातृ संगठन तरुण दल र नेपाल विद्यार्थी संघले यस घटनालाई लिएर प्रदर्शन गर्दै गृहमन्त्री नारायणकाजीको राजीनामा मागिरहेका छन् । तर यस घटनाको विषयमा पार्टी सभापति शेरबहादुर देउवाले मुख खोलेका छैनन् । आइतबारमात्र पार्टी कार्यालयमा बिपी साहित्य सम्मेलन उद्घाटन गर्दै देउवाले विश्वेश्वरप्रसाद कोइरालाको प्रशंसा गरे ।

(बाँकी पृष्ठ ३ मा)

ललिता निवास जग्गा प्रकरण

# हिरासतमा रहेका सबैलाई तारेखमा छोड्न आदेश

- मीनबहादुर गुरूङ दुई करोड ४६ लाख धरौटीमा छुटे
- अन्य १६ जना आरोपीसँग पनि धरौटी लिएर छाड्न आदेश
- एक जनालाई भने साधारण तारेखमा छाड्न आदेश

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले अघि सारेको सुशासनको मुद्दा 'अधकल्चो' हुने देखिएको छ । सुशासनको पक्षमा वकालत गर्ने अधिकारीहरूका अनुसार बहुचर्चित ललिता निवास जग्गा प्रकारणसम्बन्धी मुद्दामा जिल्ला अदालत काठमाडौंले गरेको आदेशले त्यही प्रस्टिन्छ ।

आइतबार न्यायाधीश भोलानाथ ढकालको एकल इजलासले उक्त प्रकरणका सबै आरोपीलाई छाड्न आदेश दिएको छ । अदालतका प्रवक्ता दीपक दाहालले प्रभावसँग भने, 'माननीय न्यायाधीश श्रीमान् भोलानाथ ढकालज्यूको एकल इजलासले १८ जनामध्ये एक जनालाई साधारण तारेख र बाँकी १७ जनालाई धरौटी माग गरिएको छ ।'

अदालतको यस्तो आदेशसँगै आइतबारदेखि नै आरोपी धरौटीमा छुट्न थालेका छन् । सबैभन्दा बढी दुई करोड ४६ लाख धरौटी तोकिएका मीनबहादुर गुरुङ बैंक जमानत राखेर आइतबार नै रिहा भएका छन् । अन्य केही आरोपी पनि धरौटी बुझाएर थुनामुक्त भएका छन् ।




**कसलाई कति धरौटी**

| आरोपी | | धरौटी रकम (रु.) |
|---|---|---|
| मीनबहादुर गुरूङ | सञ्चालक, भाटभटेनी सुपरमार्केट | २ करोड ४६ लाख |
| कलाधर देउजा | तत्कालीन प्रमुख, डिल्लीबजार मालपोत कार्यालय | १५ लाख |
| विनोद पौडेल | तत्कालीन सहायक लेखापाल, समरजङ कम्पनी | १५ लाख |
| रूद्रकुमार श्रेष्ठ | तत्कालीन महानिर्देशक, भूमिसुधार तथा व्यवस्था विभाग | ७ लाख ५० हजार |
| बालकृष्ण श्रेष्ठ | तत्कालीन सिडिई, सहरी विकास तथा भवन निर्माण विभाग | ७ लाख ५० हजार |
| घमनकुमार कार्की | तत्कालीन सर्वेक्षक, नापी कार्यालय | ७ लाख ५० हजार |
| गोपाल कार्की | तत्कालीन खरिदार, मालपोत कार्यालय | ७ लाख ५० हजार |
| योगराज पौडेल | तत्कालीन नायब सुब्बा, मालपोत कार्यालय | ७ लाख ५० हजार |
| नारायणराज मिश्र | तत्कालीन खरिदार, मालपोत कार्यालय | ७ लाख ५० हजार |
| अरूणकुमार श्रेष्ठ | तत्कालीन अमिन, नापी कार्यालय | ७ लाख ५० हजार |
| लोकराज घिमिरे | कार्यालय प्रमुख, समरजंग कम्पनी | ७ लाख ५० हजार |
| ध्रुवप्रसाद अर्याल | तत्कालीन नापी अधिकृत | ३ लाख ३० हजार |
| शिवजी भट्टराई | तत्कालीन वडासचिव | ३ लाख ३० हजार |
| बाबुराजा महर्जन, देवनारायण महर्जन, सकलानन्द महर्जन र सञ्जयकुमार महर्जन | सरकारी जग्गाको मोही कायम गरी लाभ लिएका | १ लाख १० हजार |
| केशव तुलाधर | | साधारण तारेख |

भाटभटेनी सुपरमार्केटका सञ्चालक गुरुङलाई यसअघि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले ललिता निवास काण्डमा मुख्य योजनाकार किटान गरेको थियो । तर, धरौटीमा छाडिए । गत असार १२ मा पक्राउ परेका उनी ७६ दिनपछि हिरासतबाट छुटेका हुन् ।

आरोपीविरुद्ध सरकारी वकिल कार्यालय काठमाडौंले संगठित अपराधमा भन्दा पनि सरकारी छाप दस्तखत कीर्ते मुद्दामा मात्रै मुद्दा चलाएको थियो । त्यसबेलै आरोपीलाई उन्मुक्ति दिन लागिएको भन्दै टीकाटिप्पणी नभएको होइन । नभन्दै आइतबार अदालतबाट सबै आरोपीसँग धरौटी माग भयो । आरोपी थुनामा बस्ने भनेको मागिएको धरौटी बुझाउन नसक्दामात्रै हो । अदालतले डिल्लीबजार मालपोत कार्यालयका तत्कालीन प्रमुख कलाधर देउजासँग १५ लाख रूपैयाँ र समरजङ कम्पनीका तत्कालीन सहायक लेखापाल विनोद पौडेलसँग १५ लाख नै धरौटी माग भएको छ ।

भूमिसुधार तथा व्यवस्था विभागका तत्कालीन महानिर्देशक रुद्रकुमार श्रेष्ठ, सहरी विकास तथा भवन निर्माण विभागका तत्कालीन सिनियर डिभिजनल इञ्जिनियर बालकृष्ण श्रेष्ठ, नापी कार्यालयका तत्कालीन सर्वेक्षक घमनकुमार कार्की, मालपोत कार्यालयका तत्कालीन खरिदार गोपाल कार्की, मालपोत कार्यालयका तत्कालीन नायब सुब्बा योगराज पौडेल, मालपोत कार्यालयका तत्कालीन खरिदार नारायणराज मिश्र, नापी कार्यालयका

(बाँकी पृष्ठ ३ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# 'युरोपको मागपत्र प्रमाणीकरण समस्याले ठगी'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले जर्मनीलगायत युरोपेली मुलुकबाट हुने कामदारको मागपत्र समयमै प्रमाणीकरण नहुँदा सामाजिक सञ्जालमार्फत ठगी कार्य भइरहेको जनाएको छ । युरोपमा केही समयदेखि सम्बन्धित दूतावासबाट मागपत्र प्रमाणीकरण नभएका कारण इजाजतपत्रवाला संस्था (म्यानपावर)ले समयमा कामदार पठाउन नसक्दा गैरकानुनी रूपमा सामाजिक सञ्जालमार्फत त्यसको फाइदा लिने र भ्रम छर्ने कार्य भइरहेको संघले उल्लेख गरेको छ ।

संघले आइतबार एक विज्ञप्ति जारी गर्दै जर्मनीमा सहायक कामदार पठाउनका लागि आवेदन माग गरेको भनी नक्कली र झूठो विज्ञापन बनाई सामाजिक सञ्जालमार्फत भइरहेको प्रचारप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । यसअघि वैदेशिक रोजगार विभागले पनि केही अनधिकृत व्यक्ति तथा संस्थाले नेपाल सरकार र जर्मनी सरकारबीच भएको श्रम सम्झौताको हवाला दिँदै जर्मनीमा नेपाली सहायक कामदार छनोटका लागि आवेदन आह्वानसम्बन्धी सामाजिक सञ्जालमा प्रसारण गरिएको विज्ञापन/सूचना भ्रमपूर्ण रहेको उल्लेख गर्दै त्यसप्रति विश्वास नगर्न सम्बन्धित सबैलाई आग्रह गरेको थियो ।




जर्मनीमा कामदारको माग आएको भनी गैरकानुनीरूपमा विज्ञापन गर्ने, अन्तर्वार्ता लिने, तालिम दिने साथै केही दिनदेखि सामाजिक सञ्जालमार्फत वैदेशिक रोजगार विभागको नक्कली सूचना बनाएर ठगी गर्ने उद्देश्यले विज्ञापन गरेर सरकार र समग्र वैदेशिक रोजगार क्षेत्रलाई नै बदनाम गर्नेलाई तत्काल कानुनी दायरामा ल्याउन पनि संघले सम्बन्धित निकायसँग आग्रह गरेको छ ।

'वैदेशिक रोजगारीको नाममा ठगी गर्ने उद्देश्यले गैरकानुनी कार्य गर्न खोज्नेलाई कानुनी कारबाही गर्न गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसमक्ष नेपाल वैदेशिक रोजगार व्यवसायी संघ जोडदार माग गर्दछ,' विज्ञप्तिमा उल्लेख गरिएको छ ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले जर्मनीमा कामदार पठाउनेसम्बन्धी सबै कार्य इजाजतपत्र प्राप्त म्यानपावरमार्फत नै भइरहेको भन्दै यसप्रति भ्रममा नपर्न आग्रह गरेका छन् । 'नेपाल सरकार जर्मनीमा कामदार पठाउने प्रक्रियामा सामेल नै छैन । यो सबै समयमै दूतावासबाट मागपत्र प्रमाणीकरण हुन नसक्दा अनधिकृत व्यक्तिहरूले फैलाएको भ्रमपूर्ण विज्ञापनमात्रै हो, यसप्रति वैदेशिक रोजगारीमा जान चाहने नेपालीहरू सजग हुन जरुरी छ,' उनले भने । यसरी सामाजिक सञ्जालमा आएको नक्कली र भ्रमपूर्ण विज्ञापनमा विश्वास नगर्न पनि उनले आग्रह गरे ।

# 'भ्रमपूर्ण सूचना र विज्ञापनमा विश्वास नगर्नू'

**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार व्यवसायलाई बद्नाम गर्नेगरी नियोजित एवं शृंखलाबद्ध रूपमा अनधिकृत व्यक्ति तथा संस्थाहरूले भ्रमपूर्ण सूचना तथा विज्ञापन प्रकाशन गरेकोप्रति ध्यानाकर्षण भएको जनाएको छ । मन्त्रालयले वैदेशिक रोजगार विभागबाट गरिआएको सेवा प्रवाहमा पूर्णरूपमा विश्वास गरी आवश्यक सेवा लिन सरोकारवाला सबैमा आग्रहसमेत गरेको छ ।

सामाजिक सञ्जालमा मन्त्रालय र विभागको नामबाट दुरुस्त लाग्ने नक्कली सूचनाहरू प्रकाशनमा आएपछि मन्त्रालयले यसअघि पनि ध्यानाकर्षण भएको भन्दै त्यस्ता भ्रमपूर्ण सूचना तथा विज्ञापनमा विश्वास नगर्न आग्रह गरेको थियो । यद्यपि, यो शृंखला नरोकिएपछि मन्त्रालयले आइतबार पुनः विज्ञप्ति जारी गर्दै नक्कली सूचनामा उल्लेख गरिएजस्तो दक्षिण कोरियामा मौसमी कामदारसम्बन्धी, जर्मनीसँग हुने भनिएको दुईपक्षीय श्रम सम्झौता र इजरायलमा दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदारको रूपमा कामदार माग गरेको भन्ने कुरा झूठो भएको उल्लेख गरेको छ ।

प्रचलित कानुनविपरीत भएका/हुने गतिविधिहरूलाई नियन्त्रण गर्न मन्त्रालय सदैव क्रियाशील रहेको भन्दै वैदेशिक रोजगारीको प्रक्रिया सुरु गर्नुपूर्व यथेष्ट जानकारी लिन र सम्बन्धित निकायमा बुझ्न मन्त्रालयले आग्रह गरेको छ । यसको अलवा भ्रम सिर्जना गर्ने वा ठगी कार्यमा संलग्न हुनेविरुद्ध सम्बन्धित निकायमा जानकारी दिएर सहयोग पुऱ्याउन पनि मन्त्रालयले सबैमा अनुरोध गरेको छ । उता मन्त्रालयले भ्रमपूर्ण सूचना तथा विज्ञापन प्रकाशन प्रसारण नगर्न सचेत गराउँदै विज्ञप्ति जारी गर्नेबाहेक नियन्त्रणको प्रयास नगरेको भन्दै सामाजिक सञ्जालमा नै विरोध सुरु भएको छ ।


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।



- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।



- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।



- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।



- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।



- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।



- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।



**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# गुम्बा व्यवस्थापनसम्बन्धी प्रशिक्षण सुरु



■ प्रभाव संवाददाता

**काठमाडौं–** बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिले देशभरका गुम्बाका लामा गुरु, गुम्बा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई गुम्बा व्यवस्थापनसम्बन्धी प्रशिक्षण सुरु गरेको छ । काठमाडौंको कुटी रिसोर्टमा आइतबार सुरु भएको प्रशिक्षण आजसम्म चल्नेछ ।

प्रशिक्षण उद्घाटन गर्दै समितिका कार्यकारी होम दोङले गुम्बा व्यवस्थापन समितिलाई क्रियाशील बनाउन प्रशिक्षण सहयोगी हुने बताए । 'आ-आफ्ना गुम्बाको आन्तरिक व्यवस्थापन चुस्त बनाउन प्रशिक्षणले महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा लिएका छौं,' उनले भने, 'बौद्धमार्गीहरूको ज्ञानलाई जनमानसमा पुर्‍याउन सकियो भने त्यो व्यावहारिक हुनेछ । जसका लागि गुम्बामार्फत ध्यान र साधनालाई जनमानसमा फैलाउनुपर्छ ।'

समितिका अध्यक्ष फुपुछेम्बे शेर्पा (खेन्पो गेशे थुप्तेन जिग्डोल) ले सीमित स्रोत साधन हुँदा समितिले सोचेजस्तो काम गर्न नसकेको बताए । 'गुम्बा व्यवस्थापन पक्षलाई चुस्त बनाउन गुम्बा दर्ता प्रक्रियाहरू अन्योलतामा रहेको छ,' उनले भने, 'यो एकद्वार प्रणालीमा लैजानुपर्छ । त्यसो हुँदा सबैलाई सहज हुनेछ ।'

प्रशिक्षणमा देशभरका करिब ३५ गुम्बाका लामा गुरु तथा पदाधिकारीहरू सहभागी रहेको समितिले जानकारी दिएको छ । सहभागीहरूलाई गुम्बा व्यवस्थापनको विभिन्न पक्षमा व्यावहारिक प्रशिक्षण दिने कार्यक्रम संयोजक एवं योजना अधिकृत सञ्जु योंयाले जानकारी दिइन् । संयोजक योंयासँगै आचार्य सार्की शेर्पा, लेखा अधिकृत विनीता भण्डारी, समितिका कानुनी सल्लाहकार सञ्जीवकुमार लामाले विभिन्न विषयमा प्रशिक्षण दिनेछन् ।

# 'स्वार्थ समूहको प्रायोजित अभिलाषाप्रति सजग रहनुहोस्'

**काठमाडौं (प्रस)–** प्रधानसेनापति प्रभुराम शर्माले तथ्यरहित एवं पूर्वाग्रही बेमौसमी तर्क उठाइ स्थिर माहोललाई खल्बल्याउने कुनै पनि स्वार्थ प्रेरित समूहबाट क्षणिक र दूरगामी असर पार्नसक्ने प्रायोजित अभिलाषाप्रति सजग र सतर्क रहन निर्देशन दिएका छन् ।

प्रधानसेनापतिको जिम्मेवारी सम्हालेको दोस्रो वर्ष पूरा भएको अवसरमा नेपाली सेनाका सकल दर्जालाई सम्बोधन गर्दै प्रधानसेनापति शर्माले नेपाल र नेपाली जनताको बृहत्तर हितमा समर्पित रहन सुझाव दिए ।

प्रधानसेनापति शर्माले भने, 'नेपालको एकीकरण अभियानको थालनीदेखि नै सेनाले देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वतन्त्रता, राष्ट्रिय एकता एवं जनभरोसालाई सदैव जोगाइराख्न अग्रणि भूमिका निर्वाह गर्दै आइरहेको छ ।'

सेनाले सामूहिक प्रयासबाट आर्जन गरेको गरिमा र स्थापित गरेको जनविश्वासका लागि सकल दर्जालगायत निजामती कर्मचारी र आश्रित परिवारजनलाई धन्यवाद ज्ञापन गर्दै उनले सैन्य संगठन आजको भोलि तयार गर्न सकिने विषय नभएको बताए ।

प्रधानसेनापति शर्माले भने, 'लामो अध्ययन, तयारी, अभ्यास र अनुभवले निखारिँदै सवल र सुदृढ हुँदै जाने संगठित र अनुशासित संगठन नयाँ प्रविधि, सिर्जना हुने नयाँ परिवेश तथा थपिँदै जाने बहुआयामिक चुनौतीले सदैव चलिरहन्छ ।'

सम्बोधनका क्रममा प्रधानसेनापतिले कार्यकालको दोस्रो वर्षका लागि निर्धारण गरिएका लक्ष्य र प्राप्त उपलब्धिको समीक्षाका साथै आगामी कार्यदिशाका बारेमा जानकारी गराउनुभएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

कार्यकालको तेस्रो वर्ष थालनीको पूर्वसन्ध्यामा प्रधानसेनापतिले छाउनी तथा सैनिक मञ्च टुँडिखेलमा रहेका वीर स्मारकमा माल्यार्पण गरे । उनले कर्तव्यपालनाको सिलसिलामा घाइते भएका सकलदर्जाको योगदानको उच्च मूल्यांकन गर्दै उपचारका क्रममा रहेका सबैलाई शीघ्र स्वास्थ्यलाभको कामनाका साथै सकलदर्जालाई संस्थागत हितमा केन्द्रित रहन सदैव प्रेरणा मिलोस् भनी कामना गरे ।

प्रधानसेनापतिले आइतबार नै जंगीअड्डामा आयोजित एक कार्यक्रमका बीच उपरथीमा पदोन्नति भएका कुमारबाबु थापा र महासेनानीमा पदोन्नति भएका प्रमुख सेनानी सुदर्शन विष्टलाई दर्ज्यानी चिह्न



प्रदान गरे । सो अवसरमा उनले सैनिक कल्याणकारी निर्देशनालयको प्रकाशन कल्याणकारी दर्पण, नेपाली सेनाको व्यवस्थापनमा सञ्चालित काठमाडौं-तराई-मधेस द्रुतमार्ग सडक आयोजनाको प्रकाशन केटिएफटी जर्नलका तेस्रो भाग र सेनाको वर्षभरिका प्रमुख गतिविधिको तस्बिर समेटिएको पुस्तकसमेत लोकार्पण गरे ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONVERT ENGINEERING & TRADING

पूर्व स्वीकृति मिति:२०८०/०३/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२४ LT. No. 288601 चलानी नं. ६०२०३८९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 30 | 0 | 1000 | ३६,४२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Plaster Worker | 29 | 0 | 1200 | ४३,७०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००४/०६८/०६९

**Nepal Recruitment Consultancy Pvt. Ltd.**

Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4585649/ 4585648/ 4585647



## भरतपुर महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय,
भरतपुर चितवन

**केन्द्रिय वस टर्मिनल र नारायणगढ वसपार्क संचालन तथा व्यवस्थापन सम्बन्धी ठेक्का सम्झौता मितिदेखि ३ बर्ष ठेक्का अबधिका लागि शिलबन्दी बोलपत्र आह्वान**

अनलाईन प्रकाशित मिति: २०८०/०५/२४

भरतपुर महानगरपालिका नगरकार्यपालिकाको कार्यालय भरतपुरले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (६२) उपदफा (२) बमोजिम महानगरपालिकाले निर्माण संचालन तथा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरेवापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाइ सेवा शुल्क लगाउन सक्नेछ भन्ने प्रावधान रहेको छ । भरतपुर महानगरपालिका अन्तर्गत नगरपालिकाको स्वामित्वमा रहेको वडा नं. ९ तथा वडा नं. १ स्थित वस टर्मिनलहरु ठेक्का बन्दोवस्तद्वारा निजि क्षेत्रलाई सहभागि गराई संचालन गर्ने र गराउने सम्बन्धमा यस भरतपुर महानगरपालिका नगरकार्यपालिकाको कार्यालयद्वारा निर्धारित शर्त नियम तथा प्रावधानको परिधिभित्र रही उक्त वसपार्कहरु आ.व.०८०/०८१ को सम्झौता मितिदेखि तीन (३) वर्ष ठेक्का अवधिका लागि लागि E-Bidding मार्फत ठेक्का वढावढको माध्यमवाट संचालन गर्न इच्छुक मान्यता प्राप्त फर्म संस्था कम्पनीले तोकिएको शर्तहरुको अधिनमा रही रितपुर्वकको बोलपत्र आह्वान गरिएको छ ।

| शिलवन्दी बोलपत्र नं | कामको विवरण/ आयोजनाको नाम | ठेक्का बर्ष अनुसार | न्युनतम कबोल रकम (भ्याट बाहेक) | बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) | ठेक्का धरौटी |
|---|---|---|---|---|---|
| INCOME/ 2080/081-1 | केन्द्रिय वसपार्क तथा नारायणागढ बसपार्क संचालन र व्यवस्थापन कार्य | पहिलो वर्षको ठेक्का अवधिका लागि | ४,८५,७८,३२४/०० | रु.५०००/०० (पाँच हजार) | जम्मा कुल कवोल र कमको ५ % (प्रतिशत) |
| | | दोस्रो वर्षको ठेक्का अवधिका लागि | ५,००,३५,७७३/०० | | |
| | | तेस्रो वर्षको ठेक्का अवधिका लागि | ५,२५,३७,४५७/०० | | |
| जम्मा:- पन्ध्र करोड एघार लाख एकाउन्न हजार पाचसय चौवन्न | | | १५,११,५१,५५४/०० | | |



## कृष्णप्रभा वचत तथा ऋण सहकारी संस्था लि.
KRISHNA PRABHA Estd. 2010 Saving & Credit Co-operative Ltd.

### काठमाडौं-४ धुम्बाराहीको

**११औं बार्षिक साधारण सभा तथा अधिवेशन सम्बन्धी सूचना ।**

संस्थाको मिति २०८०/०५/२१ गते बसेको संयुक्त बैठकको निर्णयानुसार ११औ बार्षिक साधारण सभा तथा अधिवेशन निम्न उल्लेखित मिति, समय र स्थानमा सम्पन्न गर्ने भएकोले शेयर सदस्यज्यूहरुको अनिवार्य उपस्थितिको लागी हार्दिक अनुरोध गर्दछौ ।

**कार्यक्रम हुने मिति, समय र स्थान**

| मिति : | स्थान: | समय: |
|---|---|---|
| २०८० असोज ७ गते | स्मार्ट दरबार, चप्पल कारखाना | बिहान ८ बजे |

**सभामा छलफल हुने बिषयहरु**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिबेदनमाथि छलफल गरी पारित गर्ने ।
२. संचालक समितिको तर्फबाट कोषाध्यक्षज्यूको प्रतिबेदनमाथि छलफल गरी पारित गर्ने ।
३. लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरि पारित गर्ने ।
४. आ.ब.२०७९/८०को लेखापरीक्षकको प्रतिवेदनमाथि छलफल गरि पारित गर्ने ।
५. आ.ब. २०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. विनियम संसोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने सम्बन्धमा ।
७. एकै प्रकृतिका संस्था संग एकीकरण गर्ने सम्बन्धमा ।
८. सदस्यको दायित्व मिनाहा एवं ब्याजदर परिवर्तन गर्ने अख्तियारी सम्बन्धमा ।
९. पारिश्रमिक एवं बैठक भत्ता सम्बन्धमा ।
१०. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने शेयर सदस्यको तर्फबाट ८ जना प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
११. आगामी कार्यक्रमका लागि सञ्चालक समिति निर्वाचन गर्ने सम्बन्धमा ।
१२. विविध ।

सञ्चालक समितिको आज्ञाले
**गोपाल बहादुर बस्नेत**
**(सचिव)**



## जनउद्धार सेवा समिति टेकु, पचलीको सूचना

यस समितिको साधारणसभा यहि मिति २०८०/०६/२० शनिबार बिहान ८:०० बजेदेखि समितिको कार्यालय पचली टेकुमा हुन गईरहेको हुँदा यसै सूचनालाई निमन्त्रणा मानि उपस्थितिको लागि सम्पूर्ण सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गरिन्छ ।

**सम्पर्क: ९८५१०११४४०, ९८४९८९३८६५**



## H.K. ENTERPRISES
**Mankha-1, Sindhupalchwok**

| Item Name | Model No. | MRP |
|---|---|---|
| Chimney | HA-1 | 8,900/- |
| Chimney | HC-3 | 8,900/- |
| Chimney | HX-1 | 8,900/- |
| Chimney | T-1, C-2, S-1 | 12,125/- |

**Maximum Retail price**
**Mob No.: 9841515415**



## बार्षिक साधारण सभा बस्ने सूचना

द्रोस्रो पटक प्रकाशित मिति : २०८०/०५/२५

ईङ्गवा गोर्खा इन्भेष्टमेन्ट कम्पनी लि.ल.पु.न.पा वडा नं.१४ ललितपुरमा मिति २०८० भाद्र १५ गते बसेको कार्य समितिको बैठक निर्णय अनुसार यस संस्थाको बार्षिक साधारण सभा निम्न लिखित स्थान,मिति र समयमा निम्न बिषयहरुमा छलफल एवंम् पारित गर्न बस्ने भएकोले सम्पुर्ण सदस्य तथा कार्यकारी प्रमुख ज्यू जानकारीको लागि यो सूचना प्रकाशित गरिएको हुदाँ यसै सूचनालाई आधारमानी सभामा उपस्थित भई दिनुहुन हार्दिक अनुरोध गरिन्छ।

स्थान : ईङ्गवा गोर्खा इन्भेष्टमेन्ट कम्पनी लि
ललितपुर महानगरपालिका वडा नं.-१४,ललितपुर

मिति :२०८० असोज १५ गते (सोमवार)

समय :१२ बजे दिनको



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TIMES CERAMICA SDN.BHD

पूर्व स्वीकृति मिति २०७९/०४/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२४ LT. No. 288830 चलानी नं. ६०२०५२२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | factory worker | 5 | 0 | 1500 | ४२५४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MEGAMART SDN BHD.

पूर्व स्वीकृति मिति २०७९/१०/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२४ LT. No. 279696 चलानी नं. ६०१९५८७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Storage Labour | 49 | 0 | 1500 | ४२५४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PECCA LEATHER SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२४ LT. No. 267670 चलानी नं. ६०१८३६७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४२५४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT LTD**

श्रम ईजाजत नं. ६८४/०६३/०६४

Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com



Government of Nepal
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Hydrology and Meteorology**
**Office of Hydrology and Meteorology**
**Mahakali Basin Field Office Attariya, Kailali**

## Invitation for Bids

Invitation for Bids No: DHM/MBFO/W/NCB/01-2080/81
**Date of publication: 2080/05/25**

1. Mahakali Basin Field Office Attariya, Kailali invites sealed bids from Nepalese eligible bidders for the ***Construction and Maintenance of Structures in hydrological stations under MBFO*** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. ***40,69,500/00.***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Mahakali Basin Field Office Attariya, Kailali,mahakalibasin71@gmail.com.
3. A complete set of Bidding Documents may be purchased from the office Mahakali Basin Field Office and the office Mahakali Basin Field Office Attariya, Kailali by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of ***3,000.00*** till ***2080/06/23*** during office hours.
   **Name of the Bank** : Rastriya Banijya Bank, Dhangadhi, Kailali, Nepal
   **Name of Office**: Mahakali Field Basin
   **Office Code no.** : 308027701 Office Account no.: 1000200010000
   **Rajaswa (revenue) Shirshak no.** : 14229
4. Sealed bids must be submitted to the office Mahakali Basin Field Office Attariya, Kailali by hand/courier before ***12:00*** on ***2080/06/24*** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:30*** on ***2080/06/24*** at the office of Mahakali Basin Field Office Attariya, Kailali Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security amounting to a minimum of Rs. 1,02,000/00, which shall be valid for 30 days beyond the validity period of the bid.

   **Dharauti Khata Detail** :
   **Name of the Bank** : Rastriya Banijya Bank, Dhangadhi, Kailali, Nepal
   **Name of Office** : Mahakali Field Basin
   **Office Code No.** : 308027701 Office Account no.: 0100102030000
   **Account Name** : KA-2-3:DHARAUTI A/C KO.LE.NI.KA
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



## अधिकतम् खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालबस्तुहरूको खुद्रा अधिकतम बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि यो मूल्य सूची प्रकाशन गरिएको छ ।

| सि.नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | उत्पतिका मुलुक राष्ट्र | क्षमता | इकाइ | प्रति इकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | इलेक्ट्रिक स्कुटर | इलेक्ट्रिक स्कुटर | Slane | N90 | चिन | ३०००वाट | २६ पिस | ४,१९,०००/- | ४,५०,०००/- |

**बिक्रेता फर्मको नाम** : जमुनी अटो सेन्टर प्रा.लि.
फोन नं. ९८०८७०७६४४

**स्थायी लेखा नं.** ६१०२९४९९०
**एक्जिम कोड:** ६१०२९४९९००१३९ NP

**ठेगाना:** वडा नं.३, बुढानिलकण्ठ, काठमाडौं, नेपाल

# पूर्वराष्ट्रपति यादव अस्पताल भर्ना

**काठमाडौं (प्रस)–** पूर्वराष्ट्रपति रामवरण यादव स्वास्थ्य उपचारका लागि वीर अस्पताल भर्ना भएका छन् । उच्च रक्तचाप, मधुमेह र ढाड दुख्ने समस्या देखिएपछि पूर्वराष्ट्रपति यादव आइतबार वीर अस्पतालको भिआइपी कक्षमा भर्ना भएका चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) का उपकुलपति प्रा.डा. भूपेन्द्रकुमार बस्नेतले जानकारी दिए ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले पूर्वराष्ट्रपतिको स्वास्थ्य अवस्थाबारे अस्पतालसँग जानकारी लिएका थिए । उनले पूर्वराष्ट्रपतिसँगै अस्पतालमा उपचाररत कोशी प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री एकराज कार्की र नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्रप्रसाद यादवलाई भेटे । मन्त्री बस्नेतले उनीहरूको स्वास्थ्यलाभको कामना गर्दै सरकारी अस्पतालप्रति सर्वसाधारणदेखि उच्च पदस्थ व्यक्तित्वको विश्वास बढेको बताए ।

पूर्वराष्ट्रपति यादवलाई उपचारका लागि थप केही दिन अस्पतालमा राखिने अस्पतालले जानकारी दिएको छ । 'उहाँको अवस्था स्थिर छ । चिकित्सकको टोलीले थप स्वास्थ्य अवस्थाको मूल्यांकन गरिरहेको छ, त्यसैले उहाँ थप केही दिन चिकित्सकको निगरानीमा बस्नुहुन्छ,' उपकुलपति प्रा.डा. बस्नेतले जानकारी दिए ।

## हिरासतमा...

पृष्ठ १ बाट जारी

तत्कालीन अमिन अरुणकुमार श्रेष्ठ र समरजंग कम्पनीका कार्यालय प्रमुख लोकराज घिमिरेसँग समान सात लाख ५० हजार रूपैयाँका दरले धरौटी मागेको छ ।

तत्कालीन नापी अधिकृत ध्रुवप्रसाद अर्याल र तत्कालीन वडासचिव शिवजी भट्टराईसँग समान तीन लाख ३० हजार धरौटी माग गरिएको छ । यस्तै सरकारी जग्गाको मोही कायम गरी लाभ लिएका बाबुराजा महर्जन, देवनारायण महर्जन, सकलानन्द महर्जन र सञ्जयकुमार महर्जनसँग समान एक लाख १० हजार रूपैयाँका दरले धरौटी माग भएको छ । जग्गा फिर्ता प्रयोजनका लागि प्रतिवादी बनाइएका केशव तुलाधरलाई भने साधारण तारेखमा छाड्ने आदेश भएको छ ।

अब अदालतको आदेशअनुसार मागबमोजिमको धरौटी नगद वा सो बराबरको जेथा वा बैंक जमानत आरोपीहरूले बुझाउनुपर्नेछ । नबुझाउनेहरू फौजदारी कार्यविधि संहिता २०७४ को दफा ८० बमोजिम थुनामा राख्नका लागि कारागार पठाइनेछ ।

अदालतले कम धरौटी मागेका बाबुराजा, देवनारायण, सकलानन्द र सञ्जयकुमारविरुद्ध मोही हुनै नसक्ने सरकारी जग्गाको मोही कायम गरी जग्गाको लाभ लिएको सरकारी वकिल कार्यालयको दाबी थियो ।

भाटभटेनी सुपरमार्केटका सञ्चालक गुरुङविरुद्ध भने तत्कालीन सरकारले अधिग्रहण गरिसकेको जग्गा जफत हो भनी आफू, आफ्नो परिवार र आफ्नो कम्पनीको नाममा खरिद गरेको सरकारी दाबी छ । सोहीसम्बन्धी कसूरमा अदालतले अधिक धरौटी माग गरेको अदालतका प्रवक्ता दाहालले बताए ।

यस्तै, जिल्ला सरकारी वकिल कार्यालयले आफ्नो वेबसाइटमार्फत सार्वजनिक गरेको अभियोगपत्रमा मृत्यु भइसकेका २१ जना प्रतिवादीहरूको नाम र उनीहरू विस्तृत विवरण छ ।

यसअघि सिआइबीले ललिता निवास जग्गा प्रकरणमा २०० भन्दा बढीमाथि कीर्ते र संगठित अपराधमा मुद्दा चलाउन सिफारिस गरेको थियो । सरकारी वकिल कार्यालयले भने संगठित अपराधमा मुद्दा चलाउन चाहेन । अन्ततः सरकारी दस्तखत कीर्तेमा मात्रै मुद्दा चलायो ।

त्यसबेलै सुशासन पक्षधरहरूले बहुचर्चित भ्रष्टाचार काण्डमा आरोपीहरूलाई उन्मुक्ति दिने सरकारी वकिल कार्यालयको जुक्तिको रूपमा कीर्ते मुद्दा चलाउने निर्णयलाई टिप्पणी गरेका थिए । नभन्दै पक्राउ परेकामध्ये १७ जना अरोपीलाई धरौटीमा र एक जनालाई साधारण तारेखमा छाड्न अदालतले आदेश दियो ।

अदालतको यस्तो आदेशसँगै बहुचर्चित ललितानिवास काण्डलाई कतिपयले 'हात्ती आयो, हात्ती आयो फुस्स !' भन्ने नेपाली उखानको चरितार्थ भएको रूपमा पनि अर्थ्याएका छन् । जबकि, सिआइबीले करिब दुई महिना लगाएर ललिता निवास जग्गा काण्डको अनुसन्धान गरेको हो । रायसहितको अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाएपछि सिआइबी प्रमुख किरण बज्राचार्यले भनेकी थिइन्, 'तथ्य र प्रमाणले मुद्दा बलियो हुन्छ ।'

तर, त्यस्तो नभएको टिप्पणी भइरहेको छ । सिआइबीले २३८ जनाविरुद्ध मुद्दा संगठित अपराध र कीर्तेमा मुद्दा चलाउन राय दिएको थियो । उनीहरूको प्रत्यक्ष संलग्नता ललिता निवासको १४३ रोपनी जग्गा व्यक्तिको नाममा गएको सिआइबीको दाबी थियो ।

## प्रधानमन्त्री...

पृष्ठ १ बाट जारी

'बिपी सादा जीवनमा विश्वास गर्ने उच्च तहको नेता र प्रसिद्ध साहित्यकार हुनुहुन्थ्यो । हामीले उहाँलाई भेट्दा तिमीहरू ठूलो मान्छे होइन, असल मान्छे बन्नु भन्नुहुन्थ्यो । उहाँले मार्क्स र गान्धीलाई गहिरिएर पढ्नुभएको थियो । प्रेम, शान्ति, अहिंसा र लोकतन्त्रका सन्दर्भमा उहाँ गान्धीसँग र आर्थिक समानताका सवालमा मार्क्सवादी चिन्तनलाई आवश्यक ठान्नुहुन्थ्यो,' सभापति देउवाले भने ।

लिखित मन्तव्य पढेका देउवाले यादवमाथि भएको आक्रामणका विरोधमा एक शब्द पनि खर्च गरेनन् । यसो त घटना भएकै दिन देउवा ट्रमा सेन्टरमा यादवलाई भेट्न पुगेका थिए । पार्टी केन्द्रीय कार्यालयले सोही दिन घटनाको विरोध गर्दै विज्ञप्ति जारी गरेको थियो । पार्टीको संस्थागत आवाज नै सभापतिको आवाज भएको पार्टी केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले बताए । महामन्त्री गगन थापा, प्रमुख सचेतक रमेश लेखकलगायतले सांसदमा उक्त घटनाका भर्त्सना गरेका थिए ।

'जातीय द्वन्द्व नफैलाऊँ'

माओवादी अध्यक्षसमेत रहेका दाहालले जातीय र धार्मिक द्वन्द्व नफैलाउन आग्रहसमेत गरे । दाहालले जनयुद्धमा जातीय र धार्मिक द्वन्द्व कतै नभएको उल्लेख गर्दै यस्तो कार्यमा संलग्न नहुन सबैलाई आग्रह गरेका हुन् ।

'हामीले जनआन्दोलन गर्दा कहिल्यै पनि जातीय र धार्मिक द्वन्द्व भएन तर र अब पनि हामी यस्तो कदापी हुन दिने छैनौं,' उनले भने । सरकारले भ्रष्टाचारविरुद्ध र सुशासन, सामाजिक न्यायको अभियान सुरु गरेपछि चौतर्फी आक्रमण सुरु भएको पनि प्रधानमन्त्रीको दाबी रहृयो । 'वर्तमान सरकार परम्परागत संसदीय अभ्यासभन्दा पनि जनताका लागि जनपक्षीय व्यवस्था कायम गर्दै जनताको अवस्था सुधार गर्ने पक्षमा छ,' उनले भने । सरकार जनताको गणतन्त्र बनाउन चाहने दलहरूको एकता, बुर्जुवा र प्रतिक्रियावादीको शक्तिलाई हाबी हुन नदिन महत्त्वपूर्ण भूमिका खेलिरहेको उनको भनाइ छ । समाजवादको आधार तयार पार्दै जनताको गणतन्त्र बनाउने अभियानमा लागिरहेको कारण पनि यो मुद्दामा एक जुट हुन आवश्यक रहेको उनको भनाइ छ ।

प्रधानमन्त्री दाहालले कम्युनिस्टहरू जनताको हितका लागि एकबद्ध भएर एउटै धारमा समाहित हुने बिन्दुमा आइपुगेको भनाइ व्यक्त गरे । कम्युनिस्टहरू एक-अर्कालाई अपमान गरेर फेरि फुटेमा त्यसको मर्का जनतालाई पर्ने उनको भनाइ थियो ।


## SAUDI मा रोजगार — Keeping Up With The Vision Trading Est

पूर्व स्वीकृती मितिः २०८०/०५/२४ | चलानी नं.६०२०७४३८ | LTNo. : 292273

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Vender | 1 | 0 | काममा दक्ष | 1500 | ५३,०३३।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।– कामदार आफैंले | रु. ७००।– कामदार आफैंले | रु. १०,०००/– |

**अन्तरवार्ता २०८० असोज १ गते (18 Sept. 2023) यस प्रा. लि. कार्यालय बालुवाटार, काठमाडौंमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**RISING RECRUITMENT — राईजिङ्ग रिक्रुटमेण्ट प्रा. लि.** श्रम ईजाजत नः ८७८/०६७/०६८
बालुवाटार, काठमाडौं, फोन नं. : ४४३६५९७, ४४२०५८७ E-mail : info@rising.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE ARTIST HOUSE BEAUTY SALON FOR LADIES
पूर्व स्वीकृति मिति २०८०/०५/२४ | LT No. 292322 | चलानी नं. ६०२०७५०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure | 0 | 3 | 180 | ७७,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser | 0 | 3 | 180 | ७७,४७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np
श्रम ईजाजत नं. ३०१/०५९/०६०

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AZOSS TRADING AND CLEANING
पूर्व स्वीकृति मिति २०८०/०५/२२ | LT. No.292147 | चलानी नं. ६०२०७४४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 7 | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADEL ALI ABDUL RAHMAN AL JAMI REAL ESTATE
पूर्व स्वीकृति मिति २०७९/०५/२४ | LT. No. 292280 | चलानी नं. ६०२०७५१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 2 | 0 | 1200 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**
Chondol, Gitanjali Marga 04, Kathmandu, Nepal
Tel: +977 1 4418252, Fax: +977 1 4480765
Email: paradeshiservices@gmail.com
Govt. License 387/059/060
Website: www.paradeshioverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ESHRAQ INDUSTRIAL PLASTIC FACTORY
पूर्व स्वीकृति मिति : २०७८/११/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/२४ | LT. No. 258642 | चलानी नं.६०२०७४९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 2 | 0 | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com
श्रम ईजाजत नं. ११७७/०७३/०७४

## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ISTISHERAT ALEMIA PROJECT MANAGEMENT SERVICES EST.
पूर्व स्वीकृति मितिः २०८०/०५/२४ | LT. No. 292094 | चलानी नं. ६०२०७५०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commercial Sales Representative | 4 | 0 | 1500 | ५४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Male Cleaner | 6 | 0 | 1100 | ३९,७२० | | | | | | | |
| 3 | Messenger | 3 | 2 | 1100 | ३९,७२० | | | | | | | |
| 4 | Office Cleaner | 3 | 0 | 1100 | ३९,७२० | | | | | | | |
| 5 | Purchasing Representative | 4 | 0 | 1500 | ५४,१६५ | | | | | | | |
| 6 | Sales Supervisor | 1 | 0 | 2000 | ७२,२२० | | | | | | | |
| 7 | Site Supervisor | 1 | 0 | 1500 | ५४,१६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OM NILGIRI RECRUITMENT PVT. LTD.** Govt. License 1621/079/80
Chapalkarkhana, Maharajgunj, Kathmandu, Tel: 015918589, Mobile: 9761617777
Mail: omnilgiri@gmail.com, Web: www.omnilgiri.com

## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAAED EMPLOYMENT SERVICES
पूर्व स्वीकृति मितिः २०८०/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/२४ | LT. No.291874 | चलानी नं. ६०२०७०४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 1 | 0 | 1000 | ३६०५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | BUILDING LABOURER | 2 | 0 | 800 | २८८४२ | | | | | | | |
| 3 | cleaner | 5 | 0 | 1000 | ३६०५२ | | | | | | | |
| 4 | Plasterer | 3 | 0 | 1000 | ३६०५२ | | | | | | | |
| 5 | PLUMBER | 1 | 0 | 1000 | ३६०५२ | | | | | | | |
| 6 | Tile Layer | 2 | 0 | 1000 | ३६०५२ | | | | | | | |

कम्पनी : RAMACO TRADING & CONTRACTING CO.W.L.L.
पूर्व स्वीकृति मिति २०७९/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/२४ | LT. No. 273978 | चलानी नं. ६०१८९७०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 100 | 0 | 1000 | ३६,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 49 | 0 | 1200 | ४३,७९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TARGET — Target Consultant Human Resources Pvt. Ltd.** श्रम इजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


## कुमारी बैंक लिमिटेड शाखा कार्यालय कुपण्डोल, ललितपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०५/२५ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन सी.सी. बैंक लि.) शाखा कार्यालय कुपण्डोल, ललितपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० असोज ०९ गते मंगलबार**का दिन शाखा कार्यालय कुपण्डोल, ललितपुरमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

**ऋणीको विवरणः**

शेर बहादुर बलको नाति, रहर सिंह बलको छोरा, मकवानपुर जिल्ला, हाडीखोला गा.वि.स/न.पा, वडा नं. ४, बस्ने **बुद्धराम बल** (ना.प्र.नं १०२०/६७४३७, मिति २०६६/०९/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरणः**

१. शेर बहादुर बलको नाति, रहर सिंह बलको छोरा, मकवानपुर जिल्ला, हाडीखोला गा.वि.स/न.पा, वडा नं. ४, बस्ने **विक्रम बल** (ना.प्र.नं २९/७७४, मिति २०५८/०१/३०, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. देवी सिंह बलको नाति, शेर बहादुर बलको छोरा मकवानपुर जिल्ला, हाडीखोला गा.वि.स/न.पा, वडा नं. ५, बस्ने **रहर सिंह बल** (ना.प्र.नं ५०३, मिति २०४३/०९/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

**लिलाम हुने सम्पत्तिको विवरणः**

१. धनी कुमारी बैंक लि. र ऋणी **बुद्धराम बल** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय, विरगंजमा दर्ता कायम रहेको चे. नं. MAT412269G0R00571, ईन्जिन नं. 61H84331794, सवारी नं. ना ७ ख ४३२, को TATA Motors MCV Air Bus को गाडि थान १।
२. धनी कुमारी बैंक लि. र ऋणी **बुद्धराम बल** कायम भई बागमती अञ्चल यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता कायम रहेको चे.नं. MA1TA2TDKG2J27562, ईन्जिन नं. TDG4J75690, सवारी नं. बा १६ च ६०३९, को Mahindra Scorpio S2 2WD को गाडि थान १।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० असोज ०८ गते** भित्र बैंकको शाखा कार्यालय कुपण्डोल, ललितपुरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कुपण्डोल, ललितपुरबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८० असोज ०९ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय कुपण्डोल, ललितपुरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय कुपण्डोल, ललितपुरमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८० असोज ०९ गते मंगलबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय कुपण्डोल, ललितपुर फोन नं. ०१-५४३०५०१**

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Panchasorna Group Pvt. Ltd.** कम्पनीले **CHINA** बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य **(MRP)** निम्न बमोजिम भएको ब्यहोरा सर्वसाधारण जानकारीको लागि प्रकाशन गरिएको छ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | इकाई प्रति मुल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मुल्य-MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-23Y01 | N/A | CHINA | PCS | 6,800.00 | 7,680.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-23Y02 | N/A | CHINA | PCS | 6,850.00 | 7,735.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-23Y03 | N/A | CHINA | PCS | 6,890.00 | 7,780.00 | |

बिक्रेता फर्मको नाम : Panchasorna Group Pvt. Ltd.
ठेगाना : Pepsikola-32, Kathmandu, Nepal
स्थायी लेखा नं. : 606749170
फोन नं. : 9801171012

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# कानुन बनाउने कहिले ?

**जनताले चुनेर पठाएका सांसद बेलाबेला सदनमा कुर्लन्छन् । त्यसपछि कतै देखिँदैनन् । हुन त प्रधानमन्त्रीदेखि मन्त्रीहरूको कुनै काम देखिँदैन पछिल्लोपटक । गठबन्धनका सरकार भएकोले गाह्रो हुन्छ भनेर नेतामन्त्री पन्छिन्छन् । विकासका काम तालिकाबद्ध हुन्छ । यसमा सांसदले खबरदारी गरिरहने हो । यो उनीहरूको कर्तव्य पनि हो ।**

**तर सांसदहरूले गर्नैपर्ने कामचाहिँ गर्ने सुरसारै गरेका छैनन् । नेपालमा अहिले दुई मुख्य कानुन अड्काएका कारण देशको अवस्थामाथि 'थ्रेट' आइरहेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल ३० गते अमेरिका जाँदै छन् । न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्यालयमा आयोजना हुने ७८औं संयुक्त राष्ट्रसंघीय महासभामा सहभागी हुन प्रधानमन्त्री त्यसतर्फ जान लागेका हुन् ।**

**त्यहाँ पुगेर विश्वसामु अनुहार देखाउन प्रधानमन्त्रीलाई लाजकै विषय बनेको छ संक्रमणकालीन न्यायसम्बन्धी विधेयक । शान्ति प्रक्रियापछिका १७ वर्ष यो विषयमा खेर गयो । 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन–२०७१' लाई संशोधन गर्ने विधेयक अहिले प्रतिनिधिसभाको उपसमितिमा विचाराधीन छ । शान्तिप्रक्रियाको मूल विषय नै थाँती राखेर संसद् अहिलेसम्म चलेकै छ । प्रधानमन्त्री पनि के कम ? यो विषयलाई यसै छाडेर विश्वसामु मुख देखाउन हिंड्दै छन् । यसको टुंगो कहिले लाग्ने हो थाहा छैन । यसले पक्कै पनि दाहालको विरोध हुनेछ ।**

**अर्कोतिर संसद्ले संशोधन गर्नै नसकेको कानुन हो सम्पत्ति शुद्धीकरण निवारण ऐन । सम्पत्ति शुद्धीकरणसम्बन्धी नियमन गर्ने अन्तर्राष्ट्रिय निकाय फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ)ले नेपाललाई पटक–पटक सतर्क गराइसकेको छ । भ्रष्टाचार, तस्करी, कर छली, मानव बेचबिखनजस्ता कारोबारबाट प्राप्त रकमलाई सेतो धन बनाउनेगरी अर्थ व्यवस्था सञ्चालन भएको मुलुकलाई एफएटिएफले 'ग्रे लिस्ट'मा राख्ने गर्छ । यो सूचीमा परे विश्व समुदायबाट विकासका लागि आउने अनुदान रोकिन सक्छ । नेपालमा पछिल्लोपटक अवैध सुन तस्करी बढ्दो छ । भ्रष्टाचार र कर छलीका विषय पनि प्रचुर देखिन्छ । यस्तो विषयलाई कडाइ गर्ने खालको कानुन नबने नेपाललाई अप्ठेरो पर्न सक्ने एफएटिएफको चेतावनी हो । तर प्रतिनिधिसभाका सांसदहरूलाई हाइसञ्चो छ । कानुन, न्याय तथा मानवअधिकार समितिमा दफावार छलफलमा गइसकेको यो विषय कहिले पारित हुने हो थाहा छैन । नेपालीहरूको उदासीपन हेरेर होला, एफएटिएफले एक वर्षको म्याद थपिदिएको छ । आफ्नै लागि बनाउनुपर्ने यस्तो कानुन बनाउन किन ढिलाइ गर्छन् सांसदहरू ? जनताले यस विषयमा खबरदारी थाल्ने कि ?**

# उपभोग्य वस्तुमा शुद्धता र गुणस्तर वृद्धिको चुनौती



प्रेमबहादुर कार्की

नेपाल कृषिप्रधान देश भएकाले पनि यहाँ कृषि उत्पादनको प्रचुर सम्भावना छ । सबै किसिमका हावापानी भएकाले विश्वका हरेक मौसममा पाइने कृषि उत्पादन यहाँ गर्न सकिन्छ । कृषिको औद्योगिकीकरणसँगै त्यसको गुणस्तर वृद्धिलाई सँगै लैजानसके विश्वबजारमा हाम्रा उत्पादनहरु पुऱ्याउन सकिन्छ । दक्षिणी भारत र उत्तरी चीन नेपालका दुई ठूला देशमा बजारको सम्भावना नेपालसँग छ । यहाँको उत्पादन गुणस्तरीय भए छिमेकी देश र साथै विश्वका अन्य मुलुकहरुमा हाम्रा उत्पादनहरुलाई निर्यात गर्न सकिन्छ । त्यसैले स्वच्छता, शुद्धता र गुणस्तरमा सरकारले गम्भीर भएर ध्यान दिनु जरुरी छ ।

नेपालमा जनताले उपभोग गर्ने खाद्यसामग्रीको गुणस्तर मापन गर्ने हो भने धेरै प्रतिशतसम्म अयोग्य र कम गुणस्तरको सामग्री उपलब्ध हुने र त्यसैको प्रयोग गर्नुपर्ने बाध्यात्मक अवस्था विद्यमान छ । स्वस्थ आहारविना स्वस्थ्य र निरोगी जीवनको परिकल्पना गर्न सकिँदैन । न्यूनतम जीवनयापन गर्न पनि खाद्यवस्तुको कुनै विकल्प हुँदैन । जीवन र मानिसको स्वास्थ्यको दाजोमा अरु कुनै वस्तु मूल्यहीन छ । तर स्वस्थ मानवजीवनलाई आवश्यक खाद्यपदार्थहरू नै आज मानवले प्रयोग गर्न नसकिने, गुणस्तरहीन र मिसावटले भरिएको छ ।

बजारमा व्यापकरूपमा अस्वस्थ र मिसावाटजन्य खाद्यपदार्थ उपलब्ध देखिन्छन् । कृषकको खेतबारीदेखि भान्साघरसम्म आउने तरकारी, फलफूल र अन्नको उत्पादनमै मिसावट र विषादी प्रयोगले हानिकारक देखिन्छ । औद्योगिक उत्पादनहरूमा पनि शुद्धता र गुणस्तर वृद्धिमा खासै ध्यान दिइएको पाइँदैन । जसको कारण आमजनजीवनमा अशुद्ध खाद्यपदार्थ सेवन गर्नुपर्ने बाध्यता त छदै अर्कोतर्फ समग्र उत्पादन पनि गुणस्तरीय नहुँदा उत्पादन भएका वस्तुहरूको बजारीकरण र विकाससमेत उल्लेख्य मात्रामा हुनसकेको देखिँदैन ।

नेपालमा खाद्य स्वच्छता एवं गुणस्तर नियमनसम्बन्धी व्यवस्थाको संस्थागत प्रारम्भ २०१८ सालमा खाद्य विभागको स्थापनासँगै भएको देखिन्छ । २०२३ सालमा खाद्य ऐन र २०२७ सालमा खाद्य नियमावली तर्जुमा भई लागू भएपछि कानुनीरूपमा खाद्य स्वच्छता तथा गुणस्तर नियमन कार्यको थालनी भएको हो । त्यसपछि २०५७ साल असार २६ देखि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका रूपमा देशका ७५ वटै जिल्लामा खाद्य ऐन-नियमावलीअनुसार खाद्य स्वच्छता तथा गुणस्तर नियमन र उपभोक्ताहरूको हक-हितको संरक्षण गर्ने कार्य सरकारले गर्दै आएको छ ।

प्रारम्भमा खाद्य कानुन, खाद्य मिसावट नियन्त्रण गर्ने, दूषित खाद्यपदार्थको उत्पादन, बिक्री वितरणमा नियन्त्रण र प्रतिबन्ध लगाउनेजस्ता विषयहरूमा परिलक्षित थिए । हालसम्म खाद्यपदार्थ उत्पादन, बिक्री वितरण र उपभोगमा आएका स्वच्छता तथा गुणस्तरका जोखिम र चुनौतीहरूलाई उचित रूपमा सम्बोधन गर्न सकेको पाइँदैन । जसको कारण समयानुकूल विकसित र विस्तारित हुन नसक्दा बजारमा अस्वच्छ, दूषित, मिसावटयुक्त खाद्यपदार्थ बिक्री वितरण भइरहेको सर्वविदितै छ ।

नेपालले विश्व व्यापार संगठनमा प्रवेश गरिसकेपछि स्वच्छता एवं स्वस्थतासम्बन्धी सम्झौता, व्यापारको प्राविधिक रोकावटसम्बन्धी सम्झौतालगायतका सम्झौतामार्फत प्रतिबद्धता जनाएको छ । जसअनुसार खाद्यपदार्थको व्यापारमा अवलम्बन गर्नुपर्ने खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी प्रावधानहरूका कारण परम्परागत रूपले गर्दै आएको खाद्य व्यापारमा विभिन्न समस्याहरू देखिँदै आएका छन् । यसै सन्दर्भमा खाद्यवस्तुमा जीवनाशक विषादीको अवशेष, पशुपन्छीका औषधिको अवशेष, वातावरणीय दूषित तत्त्वहरूको प्रवेश, ढुसीजन्य विष तथा हानिकारक जीवाणुबाट हुने असरलाई न्यूनीकरण गर्न उचित नियमनमा थप चुनौती देखिन्छ ।

नेपालको संविधानको धारा ३६ को उपधारा (१) ले खाद्यसम्बन्धी हकलाई मौलिक हकका रूपमा अंगीकार गरेको छ । धारा ४४ को उपधारा (१) मा 'प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने हक हुनेछ' भन्ने व्यवस्था रहेको तथा सोही धाराको उपधारा (२) मा 'गुणस्तरहीन वस्तु तथा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ' भन्ने व्यवस्था रहेको छ ।

अहिले देशमा तीन तहको सरकार अभ्यासमा रहेको छ । तीनै तहको सरकारले जनतको खाद्यसुरक्षा र गुणस्तरलाई सही हिसाबले अवलम्बन गर्ने नीति निर्धारण गर्नु आवश्यक हुन्छ । यी मौलिक हकहरूको कार्यान्वयनका लागि उपभोक्ताहरूलाई स्तरयुक्त खाद्यवस्तुको उपलब्धता सुनिश्चित गर्न आवश्यक भएको र राज्यको नीति कार्यान्वयन गर्ने सुनिश्चितताका लागि नेपाल सरकारका तीनै तहमा खाद्य स्वच्छता तथा गुणस्तर नियमनमा ठोस कार्य गर्नु आवश्यक देखिन्छ । खाद्य स्वच्छता तथा गुणस्तरका समस्याका कारण जनमानसमा पर्ने नकारात्मक असरले राष्ट्रिय अर्थतन्त्र र व्यापारमा प्रभाव पार्ने हुँदा खाद्य स्वच्छताको महत्त्वलाई प्राथमिकता दिनु आवश्यक छ ।

नेपालमा खाद्यपदार्थमा स्वच्छता एवं गुणस्तरसम्बन्धी चुनौती बढ्दै गएको सन्दर्भमा विद्यमान खाद्य ऐन, नियम, पूर्वाधार, संस्थागत एवं जनशक्तिलगायतका समग्र क्षेत्रहरूमा नीतिगत मार्गचित्रको आवश्यकता देखिन्छ । उपभोक्ताको खाने बानीमा व्यापक परिवर्तन आइरहेको अवस्थामा कृषि उत्पादनदेखि प्रशोधन एवं उपभोगमासमेत रासायनिक पदार्थहरूको अत्यधिक प्रयोगले उपभोक्तामाथि अनेक जोखिम थपिँदै गएको छ । नेपाल विश्व व्यापार संगठनमा प्रवेश गरेपछि निर्यात बजारमा खाद्य एवं पेयपदार्थको स्वच्छता तथा गुणस्तर मापदण्डका प्रावधानहरूसमेत समेट्नुपर्ने आवश्यकतालाई हेर्दा विद्यमान खाद्यपदार्थको स्वच्छता तथा गुणस्तर नियमनको कानुनी स्वरूप र संस्थागत संरचना पर्याप्त नभएको अवस्था विद्यमान रहेकाले दिगो कार्यनीति, रणनीति, नियमनको व्यवस्था एवं संस्थागत ढाँचालाई ठोस दिशानिर्देश गर्न सक्ने राष्ट्रिय खाद्य स्वच्छता नीतिको अभाव खड्किएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको क्षेत्र विस्तार तथा परिमाणमा वृद्धि भई खाद्य तथा पोषण सुरक्षाका साथै स्वच्छता एवं गुणस्तर प्रणालीमा चुनौती थपिँदै गएको छ । यसैगरी राष्ट्रिय खाद्य उद्योगहरूको विकास तथा खाद्य व्यापारमा सहजीकरणका साथै आयातीत खाद्यपदार्थको नियमन र स्वच्छ बजार व्यवस्थापन अहिलेको ठूलो समस्या र चुनौती हो ।

देश विकासको मेरुदण्ड भनेको औद्योगिक विकास हो । नेपालमा औद्योगिक विकासको सम्भावना भए पनि उचित रूपमा उद्योग र कलकारखनाहरूको स्थापना हुन सकेको छैन । विशेषगरी कृषि क्षेत्रको प्रचुर सम्भावना भए पनि कृषि उद्योगलाई शुद्ध, विषादीरहित र गुणस्तरीयतामा ध्यान पुऱ्याउन नसक्दा कृषि उपज केवल दैनिकी गुजारामै सीमित रहेको छ, त्यो पनि उपयोग गर्न अयोग्य । कृषिलाई उद्योगको रूपमा विकासगरी उत्पादित उपजहरू विदेशसम्म निर्यात गर्न कठिनाइ छ । अस्वस्थ खानाबाट हुने रोग तथा महामारी, धनजनको क्षति, व्यक्तिगत तथा राष्ट्रियस्तरमा हुने गरेका क्षतिका साथै निर्यातमा आएको गिरावट, खाद्यवस्तुमा अखाद्य वस्तुको व्यापक मिसावट आदि समस्याहरू पनि बढ्दै गएका छन् ।

नेपालमा कृषि तथा खाद्यपदार्थहरूको व्यापार एवं कारोबारमा असहज परिस्थितिको सिर्जनाका प्रमुख कारक तत्त्वका रूपमा विश्व व्यापार संगठनअन्तर्गत प्रतिपादित कृषिजन्य वस्तुहरूको स्वस्थता र स्वच्छतासम्बन्धी प्रावधानहरू एवं व्यापारका प्राविधिक अवरोधसम्बन्धी प्रावधानहरू विद्यमान रहेका छन् । नेपालको प्रणालीमा तीव्र गतिले परिवर्तन आउनुमा बढ्दो जनसंख्या एवं सहरीकरणका साथै विविध खाद्यवस्तुहरूको उपलब्धता र बढ्दो खाद्य आयात निर्यातसमेतको भूमिका रहेको देखिन्छ । नेपालको संविधानमा खाद्य उपलब्धता, गुणस्तरयुक्त खाद्यमा उपभोक्ताको पहुँचका साथै उपभोक्ताहरूलाई स्तरयुक्त खाद्यवस्तु उपलब्ध गराउने विषयलाई मौलिक हकका रूपमा अंगीकार गरिएकाले संविधानको यो प्रावधानअनुरूप खाद्य स्वच्छतासम्बन्धमा आश्वस्त पार्नु नितान्त आवश्यक छ ।

यी सबै कुराको कार्यान्वयन गर्न विद्यमान खाद्य नियमन प्रक्रियाअन्तर्गत सम्पूर्ण सरोकारवालाहरूलाई समेटी खाद्य स्वच्छता नियमन प्रक्रियाको निर्माण गर्ने र उपभोक्ताहरूलाई खाद्य स्वच्छता प्रणालीप्रति आश्वस्त बनाउन र उपभोक्ता हित संरक्षण गर्न उत्पादनदेखि उपभोगसम्बन्धी जनचेतना अभिवृद्धि गर्नु अपरिहार्य भइसकेको छ । खाद्य कानुनमा रोकथामका प्रणालीहरू जस्तैः असल कृषि अभ्यास, असल पशुपालन अभ्यास, असल स्वस्थकर प्रणाली, असल उत्पादन अभ्यासजस्ता उत्पादन थलोमा लागू गर्ने मानकहरूको निर्धारण गर्न खाद्य स्वच्छता नीतिको आवश्यकता हुन्छ । खाद्य शुद्धता र उत्पादनमा गुणस्तर वृद्धिमा विशेष ध्यान दिने हो भने नेपालका आमजनताको भान्सासम्म स्वस्थ आहार पुऱ्याउन सकिन्छ । साथै, गुणस्तरीय उत्पादनले देशको राष्ट्रिय उत्पादनको महत्त्व बढ्दछ । जसले विश्वबजारमा नेपाली उत्पादनहरूलाई सहजै पुऱ्याएर निर्यातमा वृद्धि गर्न सहयोग पुऱ्याउनेछ ।

नेपाल कृषिप्रधान देश भएकाले पनि यहाँ कृषि उत्पादनको प्रचुर सम्भावना छ । सबै किसिमका हावापानी भएकाले विश्वका हरेक मौसममा पाइने कृषि उत्पादन यहाँ गर्न सकिन्छ । कृषिको औद्योगिकीकरणसँगै त्यसको गुणस्तर वृद्धिलाई सँगै लैजानसके विश्वबजारमा हाम्रा उत्पादनहरू पुऱ्याउन सकिन्छ । दक्षिणी भारत र उत्तरी चीन नेपालका दुई ठूला देशमा बजारको सम्भावना नेपालसँग छ । यहाँको उत्पादन गुणस्तरीय भए छिमेकी देश र साथै विश्वका अन्य मुलुकहरूमा हाम्रा उत्पादनहरूलाई निर्यात गर्न सकिन्छ । त्यसैले स्वच्छता, शुद्धता र गुणस्तरमा सरकारले गम्भीर भएर ध्यान दिनु जरुरी छ । साथै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई कार्यान्वयन गर्नु र जनतालाई गुणस्तरयुक्त उपभोग्य वस्तुहरूको उत्पादन, बिक्री वितरण र प्रयोग गराउने मूल दायित्व पनि सरकारकै हो । त्यसैले समग्र देशको विकास गर्न राष्ट्रिय उत्पादनसँगै गुणस्तर वृद्धिमा सचेतनासहितको रूपान्तरणकारी अभियान ल्याउनु आजको मुख्य आवश्यकता हो ।

## मनन्योग्य

### चाणक्य नीति

अश्वारोहीले कुनै प्रतिक्रिया नगर्दा उज्यालो बत्ती (राँको) लिई सैनिक नजिकमा आए उज्यालोमा राक्षसले पनि देखे आउने अरू कोही होइन ज्ञ कुमार मलय नै रहेछन् पुरु पनि कुमारलाई देखी भांगबाट बाहिर आए ।

दुवैले देखे कुमारका अनुहारमा हडबडाहट छ पसिना पसिना भएको एकछिनको विश्रामपछि उनले भने चन्द्रगुप्त युनानीसँग लड्दै लड्दै धेरै अगाडि बढ्दैछन् दुवैतिर घमासान युद्ध भइरहेछ, थाहा छैन कसले जित्छ ।

राक्षस र पुरुले एउटै कुरा सोच्न लागे कदाचित् चन्द्रगुप्त विजयी भए उनको शक्ति अरू पनि बढ्छ फेरि उनलाई जित्न असम्भव हुन्छ यदि चन्द्रगुप्तलाल मारिए भने मुनानीले फेरि हामीसँग भिड्न सोच्नेछ र चन्द्रगुप्त मरेमा हाम्रो उद्देश्य सिद्ध हुँदैन, चाणक्य त्यो शक्ति हो जसले दश चन्द्रगुप्त पैदा गर्दछ-राक्षसले भने ।

यता यो सोचविचार भइरहेथ्या पुनः एक घोडचढी आएको आवाज आयो केही बेरपछि कुनै सैनिक रक्ताम्य भई आइरहेछ । त्यो पुरुको सेनानायक थियो । नजिक आई हतारिदै भन्यो-युद्धभूमिको त पासै पल्टियो । चन्द्रगुप्तको पराजय निश्चित थियो । उनले कसरी तुफानको रूप धारण गरे, कुरा कुरैमा सेल्युकसलाई बन्दी बनाइदिए । अनि ... ।

अनि चाणक्यका आज्ञाले सबै नियम तोड्दै सेल्युकसलाई सहायता दिने राजा आम्भी र उनका छोरालाई मृत्युलोक पुयाइदिए- सैनिकले उत्तर दिए । यो मुनी राक्षस, पुरु, मलय तीनैजना आवेशमा यताउति टहलन लागे । पुरुले भने लाग्छ चाणक्यलाई हाम्रो कुचक्रको बारे थाहा भयो ।

सेनानायकले भने- 'मैले बुझ्न सकिन, चन्द्रगुप्तलाई कसरी हामीप्रति विश्वास भयो । जुन समय चन्द्रगुप्त युनानीसँग घोर युद्ध गरिरहेथे । त्यसबेला हामी सहायताका लागि नजिकै खड°ा थियौं । हाम्रो सेना प्रधानसेनापतिको आज्ञाको प्रतीक्षामा थियो तर जब आज्ञा आउन ढिलो भयो हाम्रा तर्फबाट कुनै सहायता भएन ।

थाहा छैन चन्द्रगुप्तको सेनामा के सांकेतिक शब्द भयो, उनको एक टुकुडी हामीमाथि आइलाग्यो । हामी यो अपर्झटको हमलाका लागि तयार थिएनौं । हाम्रा धेरै सैनिक मरे । केही सैनिक मात्र प्राण बचाएर भाग्न सफल भयौं ।'

पत्र–मञ्जुषा

## सुकुम्बासीबस्ती हटाउनबाट बालेन 'ब्याक' भएकै हुन् ?

सरकारले आर्थिक वर्ष २०८०/८१ को बजेट भाषण ल्याएको तीन महिना बितिसकेको छ । बजेट भाषण ल्याउँदा सरकारले खोला, नदी वरपरका जग्गा अतिक्रमण गरेर बसेका सुकुम्बासी हटाउने भनेको थियो । तर, सुकुम्बासी हटाउन सरकारबाट कुनै प्रक्रिया अघि बढेको छैन । काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह 'बालेन'ले सुकुम्बासी हटाउन पटक-पटक कोसिस गरे ।

महानगर प्रहरी टोली २०७९ मंसिर १२ गते डोजर लिएर थापाथली पुगेको थियो । डोजर देखेपछि त्यहाँका बसोबासी आक्रान्त भए । नगर प्रहरीमाथि नै हातपात भयो । टायरमा आगो बालियो । नगर प्रहरीलाई बस्तीमा पस्न दिइएन । त्यसको केही महिनापछि नगरप्रहरीको टोली तीनकुनेको गैरीगाउँमा रहेको सुकुम्बासी हटाउन पुग्यो । त्यहाँ पनि त्यस्तै भयो ।

डोजर बस्तीमा नपसी पुलबाटै फर्कियो । सुकुम्बासी हटाउन पटक-पटक पहल गरे पनि महानगरपालिका सफल बन्न सकेन । हाल महानगरपालिका यो विषयमा सामसुम भइसकेको छ । सुकुम्बासी हटाउन महानगरपालिकाले ठोस कदम चालेको छैन । मेयर बालेन र महानगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले धेरै काम गरेका छन् । बालेन मेयर भएर आएपछि काठमाडौंमा धेरै सुधार भएको छ ।

तर, गैरकानुनीरूपमा सरकारी, गुठीका जग्गा कब्जा गरेकालाई हटाउन उनले सकेका छैनन् । हुकुमबासीहरू सुकुम्बासी बनेर बसेका छन् । काठमाडौंमा घर भएकाहरू सरकारी जग्गा हडप्नका लागि सुकुम्बासी बनेका छन् । छोराछोरी डाक्टर र इञ्जिनियर, बाबुआमा सुकुम्बासी । सरकारको सम्पत्ति आफ्नो बनाउनका लागि कतिसम्म नाटक गर्न जानेका हुन् ? हातभरि सुनको बाला र गलामा सुनको सिक्री लगाएका छन् ।

त्यस्ता पनि सुकुम्बासी ! जिल्ला जिल्लामा जग्गा हुनेहरू पनि सुकुम्बासी भनेर सरकारी जग्गा ओगटेर बसेका छन् । आनाको ५० लाखदेखि पाँच करोड पर्ने जग्गामा उनीहरूले कब्जा जमाएका छन् । कामै नगरीकन यस्तो महँगो जग्गा सित्तैमा पाइने भएपछि जो पनि सुकुम्बासी बन्छ । आफ्नो नाममा भएको घरजग्गा आफन्तको नाममा राखिदिने, नभए बेचेर बैंकमा पैसा राख्ने अनि सुकुम्बासी भन्दै सरकारी जग्गा हडप्ने । राजनीतिक दलहरूले सरकारी सम्पत्तिमाथि भोटको खेती गर्दा यस्तो अवस्था बनेको हो । सुकुम्बासीलाई जग्गा दिने भन्दै राजनीतिक दलले भाषण गरे । अनि घरखेत भएकाहरू पनि लोभमा परेर सुकुम्बासी बने । देशमा सुकुम्बासीको संख्या बढ्नुमा राजनीतिक दलहरूको ठूलो योगदान छ । सरकारको सम्पत्ति आफ्नोभैंm गरेर बाँड्ने आश्वासन दिन्छन् । त्यति नै माया लाग्छ भने आफ्नो खल्तीबाट किनेर दिए भइहाल्छ नि !

सरकारले आफ्ना नागरिकलाई नागरिकता दिएको छ । सुकुम्बासीहरूलाई पनि सरकारले नागरिकता दिएको छ । कुनै नागरिकता बनाउनेबित्तिकै खाडी गएका छन् । उता गएर रगतपसिना बगाएका छन्, देशलाई रेमिटचान्स पठाएका छन् । आफ्नो कमाइअनुसार ठाउँमा जग्गा पनि किनेका छन् । तर, यिनीहरू विदेश पनि जाँदैनन् । नागरिकता त सुकुम्बासीहरूसँग पनि छ । पासपोर्ट बनाएर विदेश गए भइहाल्यो ।

काम नगर्ने, दिनभर जुवातास खेलेर बस्ने अनि करोडौं पर्ने जग्गा पनि सित्तैमा चाहिने । दिउँसै गुण्डागर्दी शैली देखाएर सरकारी जग्गा पाइन्छ ? सरकारले जग्गा किन्न रोक लगाएको छैन, मिहेनत गरेर किने भइहाल्यो । खुकुरी, ढुंगा र लठ्ठी बोकेर निक्लिँदैमा सरकारी जग्गा दिइने हो भने यही क्रम विकास हुन्छ । कोही काम नै गर्दैनन्, लठ्ठी, ढुंगा र खुकुरी बोकेर निस्किन्छन् । सरकारले सुकुम्बासीहरूलाई सरकारी जग्गा बाँड्नुहुँदैन । व्यक्तिमा जग्गाको हक दिनु गलत सावित भइसकेको छ । सरकारले व्यक्तिलाई जग्गाको पूरै अधिकार दिएको छ । यसले समाजमा धेरै विकृति निम्तिएको छ । खेतीयोग्य जग्गामा घर बनेको छ । रातको चार गुणा र दिनको दुईगुणा गरेर जग्गाको मूल्य बढाइयो । प्लानिङ गरेर जग्गालाई टुक्राटुक्रा बनाइएको छ ।

नाफा हुने देखेपछि सबैले जग्गामै लगानी गरे । व्यक्तिले पनि जग्गामै, बैंक तथा वित्तिय संस्थाले पनि जग्गामै लगेर पैसा ओइराए । जग्गाको भाउ रातारात बढेपछि सबै जना लोभिए । सुकुम्बासी भनिएकाहरू जग्गाप्रति लोभिनुको कारण पनि यही हो । चार आना जग्गा सरकारले दियो भने सित्तैमा करोडौंको आम्दानी भइहाल्यो । सरकारसँग भिजन नहुँदा आज खेतीयोग्य जग्गा मासियो ।

व्यापार घाटा ह्वात्तै बढ्यो । सरकारले खेतीयोग्य जग्गामा खेती नै गर्नुपर्ने नियम बनाएको भए कामको खोजीमा किसानहरू पलायन त हुनुपर्दैनथ्यो । देशको उत्पादनले पुग्थ्यो, अन्य देशको चाकरी गर्नुपर्ने स्थिति नै आउँदैनथ्यो । देशमा कलकारखाना खुल्थे, जनताले रोजगारी पाउँथे । विडम्बना, सरकारले क्षणिकको राजस्व देख्यो । तर, त्यसले पुऱ्याएको क्षति देखेन । घरखेत नभए पनि कोठा भाडामा लिएर बस्न त पाइन्छ ।

जसको देशभरि एक आना जग्गा छैन, उसले त कोठा भाडामा लिएको छ । दुःखजेलो गरेर भाडा तिरेको छ । सरकारी जग्गा त कब्जा गरेको छैन । जोसँग घर जग्गा छ, ऊ नै सरकारी जग्गा हडप्न तम्सिएको छ । राजनीतिक दल, सरकारी कर्मचारी, भूमाफियाहरूले सरकारी, सार्वजनिक, गुठी, मठमन्दिरका जग्गा व्यक्तिको नाममा दर्ता गरे ।

सरकारी जग्गा कसरी दर्ता हुँदो रहेछ ? यो त ललिता निवास प्रकरणबाट छर्लंग भइसकेको छ । अब सुकुम्बासीको नाममा सरकारी जग्गा बाँड्नु हुँदैन । सयौं वर्षअघि व्यक्तिको नाममा गएको सरकारी जग्गा सरकारकै नाममा ल्याउनुपर्छ । अब बालेनको डोजर फेरि पनि सुकुम्बासी बस्तीमा पुगोस् । सुकुम्बासी बस्ती हटाइयोस् ।

*–अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# काभ्रेमा पहिरोको जोखिम अध्ययन गर्दै भूगर्भविद्

**काभ्रेपलाञ्चोक (प्रस)–** तेमाल गाउँपालिकाको दुई स्थानमा पहिरोको जोखिम अध्ययन सुरु गरिएको छ । पहिरोको उच्च जोखिम रहेको जनाउँदै ती स्थानमा अध्ययन सुरु गरिएको हो ।

अध्ययन टोलीमा भूगर्भ विज्ञान, सामाजिक विज्ञान र मानविकी संकायका नेपाली तथा अन्तर्राष्ट्रिय अनुसन्धानकर्ता छन् । अध्ययनका लागि पहिरोको उच्च जोखिम रहेको तेमालको वडा नं ४ स्थित आखेलादुर्सा र वडा नं ५ को थालागाङमा अत्याधुनिक उपकरण राखिएको छ ।

पहिरोको कारण र समय पत्ता लगाउन अनुसन्धान थालिएको टोलीमा सहभागी नेपाली भूगोलविद् गोपीकृष्ण बस्यालले बताए । 'तेमालमा वर्षा, कम्पन र चिस्यानको औसत् मापनद्वारा पहिरोको कारणबारे अनुसन्धान गरिरहेका छौं, अनुसन्धानले पहिरो जानुपूर्व नै स्थानान्तरण तयारी गर्न तथा नीति-कार्यक्रम बनाउनको मद्दत पुग्नेछ,' उनले भने ।

बस्यालका अनुसार जमिनमा राखिने 'बेव इन्यावल्ड डेटा लगर'सहितको उक्त उपकरणमा चिस्यान मापन गर्ने यन्त्र, तापक्रम र आद्रता नाप्ने सेन्सर र ध्वनी उत्सर्जन गर्ने सेन्सर जडान गरिएका छन् । उक्त उपकरणले सेन्सरमार्फत सबै 'डेटा रेकर्ड' गरिरहेको हुन्छ । बस्यालले भने, 'उपकरणले पहिरो जाँदै छ भनेर साइरन बजाउँदैन तर, जमिनभित्रको तथ्यांकले पहिरो जानसक्ने अवस्थाबारे जानकारी दिएपछि पूर्वतयारी गर्नुपर्छ र योजना बनाउन सहज पुग्नेछ ।'

गाउँपालिकामा सजग नेपाल नामक एक सोधमूलक परियोजनाको संयोजकत्वमा प्राविधिक र सामाजिक-सांस्कृतिक अध्ययन गर्न थालेको हो । उक्त परियोजनामा सोसल साइन्स, तथा बेलायत, क्यानडा, न्यूजिल्यान्डका विभिन्न विश्वविद्यालयलगायत एनएसइटीका प्रतिनिधिमूलक संस्था प्रतिनिधिको संलग्नता रहेको छ । परियोजनाको नेपाल सरकारको सरोकारवाला निकाय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वातावरण तथा विपद् व्यवस्थापन शाखा, भूकम्प प्रविधि राष्ट्रिय समाजले अवलोकन निरीक्षण गरिरहेको छ ।

नेपालका पहिरोको उच्च जोखिम अध्ययन अनुसन्धानमा संलग्न मानवशास्त्री टेकबहादुर दोङले काभ्रेपलाञ्चोकको तेमालका दुई स्थानका अलावा सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिको मार्मिङ र कोदारी, बाह्रबिसे नगरपालिकाको तल्लो सिगार्चे र माथिल्लो सिगार्चे, दोलखाको भीमेश्वर नगरस्थित फेदी र बोस्युङपा र म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका-२ स्थानमासमेत १० स्थान उक्त उपकरणद्वारा पहिरोको उच्च जोखिमबारे अध्ययन भइरहेको जानकारी दिए ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले काभ्रेपलाञ्चोकलाई यस वर्ष बाढीपहिरोको उच्च जोखिममा 'मध्यम' जिल्लाका रूपमा सूचीकृत गरेको थियो । यस्तै जिल्लामा यस वर्षको 'मनसुनजन्य विपद्'मा तीन हजार ७५७ घर उच्च जोखिममा रहेको नेपाल रेडक्रस सोसाइटी काभ्रेपलाञ्चोक शाखाले जनाएको थियो । शाखाको विपद् तथा जोखिम वर्गीकरणमा परेकामध्ये सबैभन्दा बढी मण्डनदेउपुर नगरमा सबैभन्दा बढी ७८५ र सबैभन्दा कम बेथानचोक गाउँपालिकामा १४८ घर विपद्जन्य घटनाको उच्च जोखिममा रहेको उल्लेख गरिएको थियो ।

# निकुञ्ज क्षेत्रमा मानवीय क्षति तीव्र

**राँझा (बाँके)–** बाँके निकुञ्ज क्षेत्रमा पर्ने पूर्वपश्चिम राजमार्गमा तीव्र गतिका कारण हुने सवारी दुर्घटनाले मानवीय क्षति बढ्दै गएको छ ।

पूर्व-पश्चिम राजमार्गको बाँके निकुञ्जको ७२ किलोमिटर क्षेत्रमा तीव्र गतिका कारण सवारी दुर्घटना हुने गरेका छन् । गत शुक्रबार मात्रै दाङबाट बर्दियातर्फ जाँदै गरेको ना ७ ख २३२१ नम्बरको बस बाँकेकोराप्तीसोनारीगाउँपालिका-८ शमशेरगञ्जनजिक बाँके निकुञ्ज क्षेत्रमा बिग्रेर सडक छेउमा रोकिराखेको ना ८ ख ६४०५ नम्बरको ट्रकसँग ठोक्किएको थियो ।

उक्त दुर्घटनामा बर्दियाको ठाकुरबाबा नगरपालिका-९ बेतहनी गाउँका सात जनाको मृत्यु हुनुका साथै २५ जना घाइते भएको इलाका प्रहरी कार्यालय कोहलपुरका प्रमुख प्रहरी नायब उपरीक्षक सुन्दर तिवारीले जानकारी दिए । बाँके निकुञ्जको ७२ किलोमिटर क्षेत्रमा कुनै 'टाइम कार्ड'को व्यवस्था नभएकाले तीव्र गतिका कारण हुने गरेका सवारी दुर्घटनामा मानवीय र वन्यजन्तुको ज्यान जाने गरेको छ । राजमार्ग क्षेत्रका अधिकांश दुर्घटना तीव्र गतिका कारण भएको पाइएको प्रहरी नायब उपरीक्षक तिवारीले बताए ।

बर्दिया निकुञ्जमा जस्तै बाँके निकुञ्जमा पनि राजमार्ग क्षेत्रमा 'टाइम कार्ड' लागू गर्नसके तीव्र गतिका कारण हुने सवारी दुर्घटना र सवारीसाधनमा ठोक्किएर हुने वन्यजन्तुको मृत्यु पनि रोकिने उनको भनाइ छ ।

बाँके राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने पूर्व-पश्चिम राजमार्गको ७२ किलोमिटर क्षेत्रमा बितेका तीन आर्थिक वर्षमा ५६ ठूला दुर्घटना भएका छन् । *रासस*

## भुलसुधार

नेपाली सेना स्वास्थ्य विज्ञान महाविद्यालयको प्रमाणपत्र तह कार्यक्रमको भर्ना सम्बन्धि सुचना मिति ०८०/०५/२० मा प्रकाशित हुर्नेमा प्राविधिक कारणले प्रकाशित हुन नसकेकोमा भुल सुधार गरिएको छ ।


## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस Ujyalo Overseas Pvt.ltd. (ई.प.नं.१३३९/०७४/०७५) मा कार्यरत Tara Kumari Shahi/ Documentation Officer (Citizenship No. 61-01-71-00133) ले आफ्नो व्यक्तिगत काम विशेषका कारण मिति: २०८०/०५/१९ देखि राजीनामा दिनु भएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Ujyalo Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. १३३९/०७४/०७५
Kathmandu, Nepal Tel : +977-1-4110543, 9819090441
E-mail : ujyalo.overseas2017@gmail.com Website : ujyalooverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : T.A. FURNITURE INDUSTRIES SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२४ LT. No. 273021 चलानी नं. ६०१८८८६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४२,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

निरन्तरको परकम्पले भयभीत मोरक्कोली मध्यरातमा घर छोडेर भागेका थिए । उनीहरूले दुई रात घरबाहिर सडकमा बिताएका छन् । अहिले पनि अधिकांश मानिस घरबाहिर त्रिपाल टाँगेर बसिरहेका छन् । मराकेस, कासाब्लांकालगायत सहरी क्षेत्रका मानिसले सडकमा रात बिताएका छन् । सार्वजनिक स्थान, चौरस्ता एवं डबलीमा उनीहरूले आश्रय लिएका छन् ।

पहाडी क्षेत्रमा भएको क्षति एवं हताहतीको विस्तृत विवरण प्राप्त भएको छैन । भूकम्पबाट अति प्रभावित दुर्गम पहाडी गाउँमा पुग्न सेना र आपत्कालीन सेवाका अधिकारी खटिएका छन् । उद्धार टोलीहरू आवासीय भवनलाई भूकम्पले भग्नावशेषमा परिणत गरेका स्थानमा कोही जीवित भेटिन्छन् कि भन्ने आशमा दौडिएका छन् । उद्धारकर्मी र टोलीको संख्या बढाइएको गृह मन्त्रालयले जनाएको छ ।

'मैले सबै गुमाएँ,' श्रीमती र चार छोराछोरी गुमाएका मौले ब्राहिमको पहाडी गाउँका बासिन्दा लाहसेन बर्बरी आँसु झार्दै भने । उद्धारकर्मीहरूले लाहसेनका तीन छोरीको शव घरको भग्नावशेषबाट निकालेका छन् तर अहिलेसम्म उनकी श्रीमती र छोराको शव फेला परेको छैन । 'म अब केही गर्न सक्दिनँ, म संसारबाट टाढा जान चाहन्छु,' विलाप गर्दै उनको मुखबाट अवर्णनीय पीडा अभिव्यक्त हुन्छ ।

भूकम्प प्रभावित एउटा गाउँको एक स्थानमा भग्नावशेष पन्छाउँदा १८ जनाको शव निकालिएपछि एक जना ज्येष्ठ महिला नागरिकले डाको छोडेर रोयको दृश्यले उद्धारकर्मी तथा सञ्चारकर्मीलाई पनि भावुक बनाएको थियो । केन्द्रबिन्दुभन्दा करिब ५० किलोमिटर पर अवस्थित ताफेघते गाउँमा केही भवनमात्र ठडिएका छन् भने अधिकांश ध्वस्त भएका छन् । बहत्तर वर्षीय ओमर बेन्हाना आफ्ना तीन जना नातिनातिनी र बुहारी एकै चिहान भएको बताउँछन् । शनिबार नै उक्त गाउँका स्थानीयले ७० जनाको शव व्यवस्थापन गरेका थिए ।

### तीन दिन राष्ट्रिय शोक

मोरक्कोका राजा मोहम्मद छैटौंले तीनदिने राष्ट्रिय शोक घोषणा गर्दै पीडित परिवारलाई खाना आवासको व्यवस्था गर्न सम्बद्ध निकायलाई निर्देशन दिएका छन् । उद्धार टोलीहरूलाई सघाउन देशको राष्ट्रिय सेनालाई आग्रह गरेका छन् । राष्ट्रिय शोकको यो घडीमा सार्वजनिक स्थल र सरकारी भवनहरूमा फहराइएका राष्ट्रिय झण्डा आधा झुकाइने सरकारी समाचार समितिले जनाएको छ ।

यसअघि सन् १९६० को भूकम्पमा परी मोरक्कोमा १५ हजार जनाको मृत्यु भएको थियो । भूकम्पबाट अगादिर तहसनहस भएको थियो । *रासस/एएफपी*

# १८औं जी-२० शिखर सम्मेलन सम्पन्न

**नयाँदिल्ली–** सदस्य संख्याका हिसाबले संभवतः संयुक्त राष्ट्रसंघ (युएन) र असंलग्न आन्दोलन (नाम)पछि करिब १०० राष्ट्र सदस्य रहेको अन्तरसरकारी मञ्च समूह २० अर्थात् जी-२० को शिखर सम्मेलन भारतको राजधानी नयाँदिल्लीमा आइतबार सम्पन्न भएको छ ।

जी-२० को अध्यक्ष देश भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भारत मण्डपमा आयोजित समापन समारोहमा समूहको १८औं शिखर सम्मेलन समाप्त भएको घोषणा गर्दै नयाँदिल्ली बैठकको समीक्षा आगामी नोभेम्बरको अन्त्यातिर श्रव्यदृश्य (भर्चुअल) समीक्षा बैठक गर्ने प्रस्ताव गरेका छन् । आगामी नोभेम्बरसम्म भारत समूहको अध्यक्ष रहनेछ । गत वर्ष डिसेम्बर १ मा बालीमा भएको १७औं शिखर सम्मेलनमा भारतले समूहको अध्यक्षता ग्रहण गरेको थियो ।

'तपाईं सबैलाई ज्ञात छ नोभेम्बर २०२३ सम्म जी-२० अध्यक्षको जिम्मेवारीमा भारत छ । यी दुई दिनमा तपाईं सबैले धेरै सुझाव दिनुभयो र प्रस्ताव राख्नुभयो । ती विषयमा कसरी प्रगति गर्न सकिन्छ भनेर समीक्षा गर्नु हाम्रो कर्तव्य हो । आगामी नोभेम्बरको अन्त्यमा भर्चुअल बैठकका निम्ति म यहाँ प्रस्ताव गर्न चाहन्छु, आशा छ तपाईंहरू त्यसमा सहभागी हुनुहुनेछ । यससँगै जी-२० शिखर सम्मेलन समापन भएको घोषणा गर्दछु,' अन्तर्राष्ट्रिय आर्थिक सहयोगका लागि प्रस्ताव गरिएका प्रस्तावको समीक्षा आवश्यक भएको बताउँदै प्रधानमन्त्री मोदीले भने । *रासस/एएनआई*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LUXURIA HOTEL MANAGEMENT LLC

पुर्व स्वीकृति मिति २०८०/०५/२१ LT No :292152 चलानी नं. ६०२०७५१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell Boy | 15 | 0 | 1200 | ४३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 15 | 0 | 1500 | ५४,१६५ | | | | | | | |
| 3 | Front Office/receptionist | 0 | 15 | 2500 | ९०,२७५ | | | | | | | |
| 4 | Housekeeping | 15 | 0 | 1000 | ३६,११० | | | | | | | |
| 5 | Housekeeping Female | 0 | 20 | 1000 | ३६,११० | | | | | | | |
| 6 | Waiter | 20 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 7 | Waitress | 0 | 20 | 1200 | ४३,३३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. २५८/०५८/०५९
Sinamangal -9 Kathmandu, Tel : 01- 4110082, 9810-195400, 9813-951511
Email: career ganapati@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WAHAT ALKHAYAL HOSPITALITY & CLEANING

पुर्व स्वीकृति मिति २०८०/०५/१९ LT. No. 291946 चलानी नं.६०२०७३८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 0 | 2 | 1200 | ४३,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASTER HIGH ENGINEERING SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०४/२५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२४ LT. No. 269234 चलानी नं. ६०१८५०९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 32 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ever Bright Overseas Pvt.Ltd.**
श्रम इजाजत नं. १४६५/०७४/०७५
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MODERN ELITE TRADING COMPANY

पुर्व स्वीकृति मिति २०८०/०५/२४ LT. No. :292271 चलानी नं. ६०२०७४८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 50 | 0 | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL SHERBINI HELALI &PATNERS COMPANY.BRANCH

पुर्व स्वीकृति मिति २०८०/०५/२२ LT. No. :292190 चलानी नं. ६०२०७४८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 7 | 0 | 2000 | ७०,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LULU RAYYAN GROUP

पुर्व स्वीकृति मिति २०८०/०५/२४ LT. No. : 292292 चलानी नं. ६०२०७४७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ३६,४२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Representative | 1 | 0 | 2500 | ९१,०५५ | | | | | | | |
| 3 | Salesman | 2 | 0 | 2200 | ८०,१३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Euro Tech Consultancy Pvt. Ltd.**
श्रम ईजाजत नं.५६७/०६२/०६३
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Fax: +977-1-4355158,
Mob No. 9851021264, 9851084492



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RUI FONG INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२४ LT. No.282400 चलानी नं. ६०१९७९७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | 1500 | ४२,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Haya Recruitment Pvt. Ltd.**
श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610
E-mail : alhaya.recruitment@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIAW BOON POH

पुर्व स्वीकृति मिति २०८०/०४/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२४ LT. No 290140 चलानी नं. ६०२०७४६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vegetable Worker | 6 | 0 | 1500 | ४२,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.** Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALI ABDULLAH AL-MASKEEN CONTRACTING EST.

पुर्व स्वीकृति मिति : २०८०/०५/२२ LT. No. 292209 चलानी नं. ६०२०७५०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labour | 6 | 0 | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULLAH HISHAM AL YEMENI RESTAURANT

पुर्व स्वीकृति मिति २०७९/०६/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/२४ LT. No. 273801 चलानी नं. ६०१८९५४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1500 | ५३,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAHEM AL-ENJAZ FOR TRANSPORT

पुर्व स्वीकृति मिति २०८०/०५/२४ LT. No. 292206 चलानी नं. ६०२०७४६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 5 | 0 | 1800 | ६३,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALRABIE ESTABLISHMENT FOR MEAL SERVICE

पुर्व स्वीकृति मिति २०८०/०५/२४ LT. No. 292205 चलानी नं. ६०२०७४५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:१०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १११९०० | प्रति तोला - १११३५० | प्रति तोला - १३९५ |



**कागज बनाउँदै** | ताप्लेजुङको फुङलिङ नगरपालिका-६ गोटेबारीस्थित छिरिङ हाते कागज उद्योगमा कागज बनाउँदै उद्यमी । नेपाली कागज विशेषगरी लामो समयसम्म राख्नुपर्ने दस्तावेजका लागि प्रयोग गरिन्छ ।
*तस्बिर: दिलकुमार लिम्बू/रासस*

### १६औं योजनाका लागि परिसंघको सुझाव

## आन्तरिक उत्पादन र रोजगार बढाउन जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग परिसंघले आन्तरिक उत्पादन वृद्धि, आयात प्रतिस्थापन र रोजगारी सिर्जनालाई प्राथमिकतामा राखेर १६औं योजना तर्जुमा गर्न सुझाव दिएको छ । सोह्रौं योजना तर्जुमा गर्दा प्राथमिकतामा राख्नुपर्ने विषयबारे परिसंघले गरेको अध्ययनसहितको प्रतिवेदन राष्ट्रिय योजना आयोगलाई पेस गर्दै यस्तो सुझाव दिएको हो ।

परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठलाई परिसंघको सुझाव हस्तान्तरण गरे । सो अवसरमा अध्यक्ष अग्रवालले १६औं योजना औद्योगिक विकासमा केन्द्रित गर्नुपर्नेमा जोड दिए । औद्योगिक विकासमा केन्द्रित हुन एकीकृत औद्योगिक विकास रणनीति बनाउनुपर्ने, उद्योगहरूका लागि जग्गाको सिलिङ तोक्न नहुने, नीतिगत स्थायित्व र अनुमान गर्न सकिने तथा आन्तरिक उत्पादनलाई प्राथमिकता दिन 'मेक इन नेपाल स्वदेशी अभियान'को प्रवर्द्धन गरिनुपर्ने उनले बताए ।

यसैगरी, गुणस्तरीय पूर्वाधार विकासका लागि न्यून बोलकबोललाई आधार मानेर



आयोजना दिन नहुने, सीमा क्षेत्रमा हुने अवैध कारोबारलाई नियन्त्रण गरिनुपर्ने, नेपालको निर्यात प्रवर्द्धन गर्न विभिन्न मुलुकसँग दोहोरो करमुक्त सम्झौता गर्नुपर्ने, रोजगार मूलक सीप विकासलाई उच्च प्राथमिकतामा राख्न परिसंघले सुझाव दिएको छ ।

परिसंघको सुझाव ग्रहण गर्दै आयोगका उपाध्यक्ष डा. श्रेष्ठले नयाँ आवधिक योजनामार्फत सरकारको नीति उत्पादन, उत्पादकत्व र रोजगारीमा केन्द्रित हुन खोजेको बताए । उत्पादन बढेमात्रै आयात प्रतिस्थापन गर्न र निर्यात बढाउन सकिने भएकाले आगामी योजना यसमै केन्द्रित हुने उनको भनाइ छ ।

सरकारी नीति तथा योजना बनाउँदा निजी क्षेत्रकोसमेत प्रभावकारी सहभागिता खोजिएकाले १६औं योजना तर्जुमा गर्दा नेपाल उद्योग परिसंघले मेहनतका साथ अध्ययन गरेर दिएको सुझाव महत्त्वपूर्ण हुने बताए ।

नयाँ आवधिक योजनाबारे परिसंघले अध्ययन गरेरै योजना आयोगले माग गरेको ढाँचामा १४ वटा परिच्छेद्मा ४९ पृष्ठको विस्तृत सुझाव आयोगसमक्ष पेस गरेको हो । सुझाव हस्तान्तरण कार्यक्रममा आयोगका सदस्य डा. रामकुमार फुयाँल, सचिव डा. तोयनारायण ज्ञवाली, परिसंघका उपाध्यक्षहरू वीरेन्द्रराज पाण्डे, अमित मोर, पदाधिकारी सदस्य छाया शर्मा, महानिर्देशक दीपकराज जोशीलगायत सहभागी थिए ।

# हिमालय एयरलाइन्सले सुरु गऱ्यो चीनको छिङदाओमा उडान

**काठमाडौं (प्रस)–** हिमालय एयरलाइन्सले काठमाडौंदेखि चीनको पर्यटकीय सहर छिङदाओमा हवाई उडान सुरु गरेको छ । एयरलाइन्सले चीनतर्फ गन्तव्य विस्तारका क्रममा छिङदाओमा आइतबारदेखि चार्टर्ड उडान सुरु गरेको हो ।

दुई देशबीच पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले काठमाडौंबाट चिङदाओमा सीधा उडान सञ्चालन गरिएको एयरलाइन्सका उपाध्यक्ष विजय श्रेष्ठले जानकारी दिए । उनले कम्पनीले चीनका कम्तीमा १० गन्तव्यमा उडान गर्ने लक्ष्य रहेको जनाउँदै १० लाख पर्यटक भित्र्याउने बताए । 'हिमालयको उडान पर्यटकीय दृष्टिकोणले हेरिनुपर्छ भन्ने लाग्छ । हाम्रो आठ वर्षे हवाई यात्राका दौरान चीनसँगको सम्बन्ध प्रगाढ तुल्याउँदै बढीभन्दा बढी पर्यटक भित्र्याउने लक्ष्य रहेको छ,' उपाध्यक्ष श्रेष्ठले भने, 'अहिलेसम्म जति पनि उडान भए नयाँ गन्तव्य विस्तार गरेर पर्यटन प्रवर्द्धनमा प्रयास गरिरहेका छौं ।'

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा छिङदाओको पहिलो उद्घाटन उडानमा सवार यात्रुलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती, नेपालका लागि चिनियाँ राजदूत छेन सोङ, हिमालय एयरलाइन्सका अध्यक्ष झो एनयोङले स्वागत गरेका थिए ।

उद्घाटन उडानका अवसरमा आयोजित पत्रकार सम्मेलनमा पर्यटनमन्त्री कितारीले चीनको सांस्कृतिक एवं पर्यटकीय सहर छिङदाओमा हिमालयले पहिलोपयटक उडान भरेर पर्यटनका लागि महत्त्वपूर्ण योगदान गरेको उल्लेख गरे । 'हिमालय एयरलाइन्सले काठमाडौं-छिङदाओ-काठमाडौं उडान सेवाको सुरुआत गरेकोमा अत्यन्तै हर्षित भएको छु । यस प्रकारको सेवा नेपाल र




चीनबीचको सम्बन्धलाई मजबुत बनाउने प्रतिबद्धताको उदाहरण हो,' उनले भने, 'छिङदाओमा चीनको एक लोकप्रिय सांस्कृतिक र आर्थिक सहर भएकाले दुई देशबीच पर्यटन प्रवर्द्धनमा टेवा पुग्नेछ ।'

पर्यटनमन्त्री किरातीले दुई देशबीचको पर्यटन र व्यापारको प्रचुर सम्भावना रहेको उल्लेख गर्दै यस उडानले त्यसतर्फ निर्णायक भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । 'यस रुटबाट हिमालय एयरलाइन्सले उल्लेखनीय चिनियाँ पर्यटक नेपाल भित्र्याउने विश्वास लिएको छु,' मन्त्री किरातीले भने, 'यसै अवसरमा म छिङदाओवासीलाई नेपाल भ्रमणको निमन्त्रणा पनि दिन चाहन्छु ।'

पर्यटनमन्त्री किरातीले चिनियाँ र नेपाली संस्कृति मिल्दोजुल्दो रहेकाले नेपालमा चिनियाँ नागरिक धेरै भित्र्याउन सके पर्यटन क्षेत्रमा नयाँ आयाम थपिने बताएका थिए । चीनका विभिन्न गन्तव्यबाट नेपालमा उडान गर्न उनले आग्रह गर्दै त्यसका लागि सहजीकरण गर्न मन्त्रालय प्रतिबद्ध रहेको जनाए ।

राजदूत सोङले काठमाडौं-छिङदाओ-काठमाडौं उडानको आरम्भ हुनु भनेको नेपाल-चीनबीचको बढ्दो सहयोगको प्रमाण भएको बताए । उनले चीनले नेपालको हवाई पूर्वाधार विकासमा सक्रिय भूमिका निर्वाह गर्दै आएको उल्लेख गरे । 'यस नयाँ रुटले नेपालको उड्डयन उद्योगमा नयाँ गति ल्याउनेछ र नेपाललाई भूपरिवेष्ठितबाट भू-जडित देशका रूपमा रूपान्तरण गर्न योगदान पुऱ्याउनेछ,' राजदूत सोङले भने, 'यसले हाम्रो द्विपक्षीय सम्बन्धमा नयाँ अध्यायको प्रतिनिधित्व गर्दै दुई देशबीचको मित्रता र सहयोगमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ ।'

एयरलाइन्सका अध्यक्ष एनयोङले भने, 'हिमालय एयरलाइन्सका लागि यो महत्त्वपूर्ण उपलब्धि हो । छिङदाओ चीनको महत्त्वपूर्ण व्यापारिक र वित्तीय केन्द्र हो जसले एसियालाई युरोपसँग जोड्छ । यसले दुई देशबीचको कनेक्टिभिटी, सांस्कृतिक आदानप्रदान, पर्यटन र व्यापार अभिवृद्धिमा भूमिका निर्वाह गर्न पाउँदा हामी अत्यन्तै गौरवान्वित छौं ।'

यस उडानमार्फत दुवै देशले पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य लिएको कम्पनीले जनाएको छ । छिङदाओबाट काठमाडौं आउने सीधा उडान छैन । यो उडान चिनियाँ पर्यटकका लागि लक्षित छ । साताको चार उडान गर्ने र यात्रुको चापअनुरूप आगामी दिनमा उडान थप्ने योजना रहेको कम्पनीले उल्लेख गरेको छ । हिमालय एयरलाइन्सले अहिले चीनको बेइजिङ, चोङचिङ, चाङ्सा, नानिङ र गोयाङमा उडान गर्दै आएको छ ।

पहिलो उडानमा ११४ यात्रु सवार थिए । पहिलो आउटबाउन्ड उडान, एच नाइन ७२२०, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट स्थानीय समयअनुसार बिहान ९:१५ मा प्रस्थान गरेको थियो । काठमाडौं-छिङदाओ उडानको अवधि पाँच घण्टा ५० मिनेटको हुने बताइएको छ ।

सेप्टेम्बरमा साताको चार चार्टर्ड उडान हुनेछ । प्राधिकरणसँग अनुमति लिएर अक्टोबरदेखि नियमित उडान सुरु गर्ने योजना रहेको एयरलाइन्सले जनाएको छ । चीनको छिङदाओ पूर्वी शानडोङ प्रान्तको महत्त्वपूर्ण सहर हो । चिनियाँ अक्षरहरूमा सहरको नामको शाब्दिक अर्थ 'सियान टापु' हो ।

एयरलाइन्सले चीनमा पहिलो नियमित उडान सन् २०१९ अक्टोबरमा बेइजिङमा गरेको थियो । कम्पनीले पछिल्ला वर्षमा चीनका विभिन्न १० गन्तव्यमा चार्टर्ड उडान गर्दै आएको छ । कम्पनीले दुबई, मलेसिया, कतार, साउदी अरेबिया, बङ्गलादेशलगायत गन्तव्यमा पनि नियमित उडान गर्दै आएको जनाएको छ ।

# सशस्त्र प्रहरी बलको फ्युल सेन्टरमा 'चार्जिङ स्टेसन'

**काठमाडौं (प्रस)–** सशस्त्र प्रहरी कल्याणकारी सेवा केन्द्र र कास्कीको पोखरामा सञ्चालित कालिका फ्युल सेन्टरको हाताभित्र निर्माण गरिएको विद्युतीय सवारीसाधन चार्जिङ स्टेसन उद्घाटन गरिएको छ । सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले संयुक्तरूपमा आइतबार दुईवटा अत्याधुनिक 'फास्ट चार्जिङ स्टेसन'को उद्घाटन गरेका हुन् ।

सार्वजनिक विद्युतीय सवारीसाधन चार्जिङ स्टेसनमा छिटो चार्ज गर्न मिल्ने ६०/६० किलोवाटका डिसी र २२ किलोवाटका एसी चार्जर राखिएका छन् । चार्जिङ स्टेसनमा १४२ किलोवाट क्षमताका दुई वटा फास्ट चार्जर छन् । यसबाट ठूला बससहित छ वटा सवारीसाधनले एकसाथ चार्ज गर्न सकिनेछ । सशस्त्र प्रहरी र प्राधिकरणबीच २०७९ भदौ ९ गते चार्जिङ स्टेसन स्थापनाका लागि समझदारीपत्रमा हस्ताक्षर भएको थियो ।

प्राधिकरणले आफ्नै खर्चमा चार्जिङ स्टेसनका सम्पूर्ण उपकरण खरिद तथा पूर्वाधार निर्माण गरेको हो । उपकरणहरूको मर्मत तथा नियमित सर्भिसिङसमेत प्राधिकरणले नै गर्नेछ । सशस्त्र प्रहरीले पूर्वाधार निर्माणका लागि जग्गा उपलब्ध गराएको थियो । सशस्त्र प्रहरीले चार्जिङ स्टेसनको सञ्चालन तथा सुरक्षा गर्नेछ । चार्जिङ स्टेसन तेस्रो व्यक्ति/संस्थालाई सञ्चालन गर्न दिन नपाउने व्यवस्था गरिएको छ ।

विद्युत् वितरण विनियमावलीको व्यवस्थाबमोजिम विद्युत् महसुलदरको शुल्कमा हुने कूल नाफाको ५० प्रतिशत रकम चार्जिङ स्टेसनको सञ्चालन तथा व्यवस्थापन खर्चको रूपमा सशस्त्र प्रहरीको कल्याणकारी केन्द्रले पाउनेछ । उद्घाटन कार्यक्रममा सशस्त्र प्रहरी बलका महानिरीक्षक अर्यालले चार्जिङ स्टेसनको सञ्चालनबाट विद्युतीय सवारीसाधनको उपयोगलाई प्रोत्साहन मिल्ने र यसको उपलब्धताले प्रयोकर्तालाई विश्वसनीय र ढुक्क हुने वातावरण बनाउने बताए ।

अर्यालले पेट्रोलियम पदार्थबाट सञ्चालनमा रहेका निजी र सार्वजनिक सवारीसाधनलाई विद्युतीय सवारीसाधनले प्रतिस्थापन गर्न सकिएमा भविष्यमा इन्धन र ऊर्जामा विदेशिने ठूलो धनराशि बचत हुने तथा व्यापार घाटा न्यूनीकरणमासमेत टेवा पुग्ने उल्लेख गरे ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले देशभित्र उत्पादित स्वच्छ हरित ऊर्जा यहीँ खपत बढाउन विद्युतीय सवारीसाधनको प्रयोगले सहयोग गर्ने भएकाले देशभर चार्जिङ स्टेसनको पूर्वाधार अझै विस्तारका लागि आवश्यक गृहकार्य भइरहेको बताए ।

विद्युत् खपत बढाउनका लागि उत्साहजनक चरणमा प्रवेश गरेको उल्लेख गर्दै घिसिङले भने, 'विगतमा लोडसेडिङ हुँदा विद्युतीय सवारीसाधनको कल्पना पनि सक्दैन थियौं, लोडसेडिङ अन्त्यपछि विद्युतीय सवारीसाधनको प्रयोग बढेको छ, चार्जिङ पूर्वाधार कम हुने होकि भन्ने अवस्था सिर्जना भएको छ, खपत गरी बढी भएको विद्युत् निर्यात गर्ने अवस्थामा पुगेका छौं,' उनले चार्जिङ स्टेसनमा निजी क्षेत्रको लगानी प्रोत्साहन गर्न विद्युत् महसुलमा समायोजन गर्न तयारी भइरहेको बताए ।

प्राधिकरणले पहिले देशका विभिन्न स्थानमा निर्माण गरेको ५१ वटा विद्युतीय सवारीसाधनको अत्याधुनिक फास्ट चार्जिङ स्टेसन स्थापना गरेको छ । दोस्रो चरणमा ११ वटा चार्जिङ स्टेसन निर्माण प्रक्रिया अगाडि बढेको छ ।

प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋण तथा नर्वे सरकारको प्राविधिक सहयोगमा विद्युतीय सवारी चार्जिङ पूर्वाधार विकास आयोजनाअन्तर्गत सात प्रदेशका मुख्य राजमार्ग, बसपार्क र ठूला सहरहरूमा ५१ वटा विद्युतीय सवारीसाधन छिटो चार्ज गर्न मिल्ने चार्जिङ स्टेसन सञ्चालित छन् । करिब ४० करोड रूपैयाँ लागतमा निर्माण गरिएका चार्जिङ स्टेसनमध्ये २६ वटामा ठूला बस, माइक्रो, ट्रक, पिकअप तथा कार र २५ वटामा साना/ठूला कार चार्ज गर्न मिल्नेछन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ